# मानव बेचबिखनसँग सम्बन्धित प्रचलित शब्दावलीहरु

## (अवधारणागत स्पष्टता एवं सम-बुझाईका लागि तयार पारिएको)




USAID
अमेरिकी जनताबाट

WINROCK INTERNATIONAL

AATWIN

UKaid
from the British people

# मानव बेचबिखनसँग सम्बन्धित प्रचलित शब्दावलीहरू

(अवधारणागत स्पष्टता एवं सम–बुझाइका लागि तयार पारिएको)

(एटविन)

प्रकाशक
महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल, (एटविन)
बबरमहल, काठमाडौं, नेपाल

प्रकाशन मिति : वैशाख २०७८

संस्करण : १००० प्रति

मुद्रण : कलर वर्ग प्रिन्टिङ्ग प्रेस, नख्खु, ललितपुर

यो सचेतनामुलक सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरुको र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी) मार्फत बेलायती जनताहरुको सहयोगका कारण सम्भव बनेको हो । यस चेतनामुलक सामग्री भित्रका विषयवस्तु र सामग्री महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)को एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको वा डिएफआइडी वा संयुक्त अधिराज्य सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

# प्रकाशकीय

मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापी रुपमा मौलाउँदै गइरहेको संगठित अपराध हो। यसको न्यूनीकरण र रोकथामका लागि सरोकारवाला संघसंस्थाहरुको ऐक्यबद्धता र सामूहिक प्रयास अपरिहार्य रहेको छ। महिला तथा बालबालिका बेचबिखन विरुद्ध राष्ट्रिय सहकर्मी समूह नेपाल (एटविन) ले आफ्नो स्थापनाकालदेखि नै मानव बेचबिखन विरूद्धमा संगठित रुपमा जनचेतना अभिवृद्धि, नीतिगत परिवर्तन, पैरवी गर्दै आइरहेको छ। जानकारीमूलक सञ्चार सामग्रीहरुको प्रकाशन तथा प्रचार प्रसार एटविनको रणनीतिक योजनाहरूमध्यको एउटा महत्वपूर्ण भाग हो।

सरकारी तथा गैरसरकारी निकायहरूले पीडित र प्रभावितहरूको सामाजिक न्यायमा पहुँच पुऱ्याउन, जनचेतना अभिवृद्धि गर्न, उद्धार तथा पुन:स्थापना गर्ने क्रममा बेचबिखनसँग सम्बन्धित विभिन्न शब्दावलीहरू एवं भाषाहरूको प्रयोग गर्दै आइरहेको पाइन्छ। त्यस्ता कतिपय शब्दावलीहरूको कानूनी परिभाषा गरिएको भएतापनि समय र परिस्थिति अनुसार सरकारी पक्षहरूबाट एउटै शब्दको पनि फरक-फरक अर्थ र प्रयोजनमा प्रयोग गर्ने गरिएको छ। कतिपय शब्दावलीहरूलाई फरक अर्थको रूपमा प्रचलनमा ल्याउँदा यसले बुझाइमा एकरुपता नआउनुका साथै बेचबिखन विरुद्ध प्रचलित नीति निर्माण, तथ्याङ्क सङ्कलन, अध्ययन तथा अनुसन्धानमा समेत त्यसले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ जसको कारण हरेक शब्दावलीहरूमा बुझाई र अवधारणागत स्पष्टता ल्याई नीति निर्माण, वकालत, पैरवी र दैनिक कार्यहरूलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ। यस पुस्तिकामा उल्लेख गरिएका शब्दावलीहरू मानव बेचबिखनविरुद्ध कार्यरत सरोकारवालाहरूले व्यवहारमा प्रयोगमा गरिरहेकाहरू छन् जसलाई एटविनले विज्ञ समूहसँगको छलफल तथा सरोकारवालासंग परामर्शबाट संकलन तथा थप प्रष्ट पार्ने प्रयास गरिएको छ। कुनै कुनै शब्दावलीहरूको कुनै दस्तावेशमा स्पष्ट परिभाषा नभेटिएकोले परामर्शबाट प्रष्ट पार्ने प्रयास गरिएको छ। यस पुस्तिकाले सरोकाकारवालाहरूको बुझाईमा एकरुपता ल्याउने लाई सहयोगी हुने अपेक्षा राखिएको छ।

यो पुस्तक तयार गर्न एटविनका सदस्य संस्थाहरू, सरोकारवाला सरकारी तथा गैर सरकारी संस्थाहरू, बेचखिनबाट प्रभावितहरू, प्रकाशन समितिका सदस्यहरूले आफ्ना अमूल्य सुझावहरू दिई योगदान गर्नु भएकोमा धन्यवाद दिन चाहन्छू। साथै यस पुस्तिकालागि गठित विज्ञ समुहका अन्जना शाक्य-हिमराइट्स, चरिमाया तामाङ्ग-शक्ति समूह, भरत अधिकारी-सिविन–नेपाल, उमा तामाङ्ग-माइती नेपाल तथा बेनु माया गुरुङ-एटविनले आफ्नो विज्ञ सुझाव दिनु भएकोमा आभार व्यक्त गर्दछू। पुस्तिका निर्माणमा परामर्शदाताको रुपमा सहयोग गरिदिनु भएकोमा अनुराधा आचार्य प्रति हार्दिक धन्यवाद प्रकट गर्दछू। त्यसै गरी पुस्तकलाई सम्पादन गर्नु भएकोमा अनिल अधिकारीलाई धन्यवाद दिन चाहन्छू। आर्थिक सहयोगकालागि USAID, UKAID, "हाम्रो सम्मान" परियोजना/विनरक इन्टरनेशनल प्रति आभार व्यक्त गर्न चाहन्छू। त्यस्तै, एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङको मार्ग निर्देशन तथा कार्यक्रम अधिकृत जेनिशा महर्जनको समन्वय तथा सहयोगकालागि एटविन सचिवालयका कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

नातिसरा राई
अध्यक्ष
एटविन

# विषय सुची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि: | १ |
| २. | उद्देश्य: | १ |
| ३. | अध्ययन विधि: | १ |
| ४. | यस पुस्तिकामा समेटिएका शब्दावलीहरूको स्वरूप | १ |
| ५. | मानव बेचबिखनसँग सम्बन्धित शब्दावलीहरूको अर्थ, परिभाषा एवं अवधारणा | २ |
| | क. सामान्यतया प्रयोग हुने शब्दावलीहरू | २ |
| | ख. रोकथामसँग सम्बन्धित शब्दावलीहरू: | ११ |
| | ग. उद्धारसँग सम्बन्धित शब्दावलीहरू: | १२ |
| | घ. संरक्षणसँग सम्बन्धित शब्दावलीहरू: | १३ |
| | ङ. पुनर्स्थापनासँग सम्बन्धित शब्दावलीहरू: | १४ |
| | च. स्वदेश फिर्तीसँग सम्बन्धित शब्दावलीहरू: | १५ |
| | छ. पुनर्एकीकरणसँग सम्बन्धित शब्दावलीहरू: | १६ |
| | ज. कानूनी कारवाहीसँग सम्बन्धित शब्दावलीहरू: | १७ |
| | झ. बसाइसराइसँग सम्बन्धित शब्दावलीहरू: | २४ |
| | ञ. बालबालिकाको बेचबिखनसँग सम्बन्धित शब्दावलीहरू: | २५ |
| यस पुस्तिका तयार गर्नका लागि प्रयोग भएका सन्दर्भ सामाग्रीहरू: | | २८ |
| अनुसूचीहरू : | | ३० |
| | अनुसूची १ : मानव बेचबिखन तथा ओसारपसारको भिन्नता | ३० |
| | अनुसूची २ : राष्ट्रिय समितिको गठन | ३० |
| | अनुसूची ३ : जिल्ला समितिको गठन | ३१ |
| | अनुसूची ४ : केन्द्र संरचना, प्राथमिक सेवा तथा त्यसको न्यूनतम मापदण्ड | ३१ |
| | अनुसूची ५ : कसैले बालबालिका उपर देहायको बमोजिमको कार्य गरेमा बालबालिका विरूद्धको हिंसा’गरेको मानिने छ | ३३ |
| | अनुसूची ६ : कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बाल यौन दुर्व्यवहार गरेको मानिनेछ | ३४ |
| | अनुसूची ७ : पुस्तिका निर्माणमा योगदान | ३४ |
| एटविन परामर्श बैठकका सहभागीहरु | | ३५ |

## १. पृष्ठभूमि:

मानव बेचबिखन तथा ओसारपसार जस्तो विश्वव्यापी रूपमा रहेको संगठित र जघन्य अपराधलाई न्यूनीकरण गर्न केही संस्था तथा सरकारी निकायहरूको प्रयासले मात्र सम्भव नहुने भएकोले यस अभियानका लागि सरोकारवाला गैरसरकारी र सरकारी पक्षहरूको बहु-विषयक समाधानका उपायहरूको आवश्यकता पर्दछ। मानव बेचबिखन यौन-शोषणसँग मात्र सीमित नभई अन्य प्रयोजनका लागि पनि हुने गरेको पाइन्छ। नेपालको सन्दर्भमा हाल मानव बेचबिखन: यौन, श्रम र अङ्गको बेचबिखनका लागि उद्गम (Origin) मात्र नभएर पारवहन (Transit) र गन्तव्य (Destination) देशको रूपमा समेत परिचित बन्दै गएको छ।

मानव बेचबिखन विश्वव्यापी समस्याको रूपमा देखा परिरहेको छ। यसका विरूद्धमा काम गर्ने सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरूले पीडित र प्रभावितहरूलाई सामाजिक न्याय, सचेतना शिक्षा, उद्दार, पुन:स्थापनाको क्रममा बेचबिखनसँग सम्बन्धित शब्दावलीहरू एवं भाषाको प्रयोग भइरहेको छ। यससँग सम्बन्धित शब्दावलीहरूको कानूनी परिभाषा गरिएको भएतापनि समय र परिस्थिति अनुसार सरकारी पक्षहरूबाट एउटै शब्दको पनि फरक-फरक अर्थ र प्रयोजनमा प्रयोग गर्ने गरिएको छ। यसरी कतिपय शब्दावलीहरूलाई फरक अर्थको रूपमा प्रचलनमा ल्याउँदा यसले बुझाइमा एकरुपता नआउने, नीति निर्माण, तथ्याङ्क सङ्कलन, अध्ययन तथा अनुसन्धानमा समेत प्रत्यक्ष प्रभाव पारेको छ। यसले गर्दा हरेक शब्दावलीहरूमा बुझाई र अवधारणागत स्पष्टता ल्याई नीति निर्माण, वकालत, पैरवी र दैनिक कार्यहरूलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ। प्रस्तुत पुस्तिकाले सबै सरोकारवाला निकायहरूका बिचमा साझा अवधारणाको विकास गर्न मद्दत पुर्‍याउनुका साथै मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित हाल प्रयोग भइरहेका विभिन्न शब्दावलीहरूको बुझाई र प्रयोगमा एकरूपता ल्याउन सहयोग गर्नेछ।

## २. उद्देश्य:

यो पुस्तिका तयार गर्नुका निम्न उद्देश्यहरू रहेका छन्:

- मानव बेचबिखनसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय रूपमा प्रचलित शब्दावलीहरू तथा अवधारणाहरूको संकलन र त्यसमा स्पष्टता ल्याउने।
- मानव बेचबिखन विरूद्धमा कार्यरत विभिन्न सरोकारवाला निकायहरू माझ यसको परिभाषा र उपायोगिता बुझ्न मद्दत पुर्‍याउन।
- मानव बेचबिखनसँग सम्बन्धित शब्दावलीहरू तथा अवधारणाहरूमा सरोकारवाला सरकारी तथा गैरसरकारी संघसंस्थाहरू एवं नागरिक समाजसँग सम्बन्धित संस्था र व्यक्तिहरूबीच समान बुझाई र व्यवहारिक प्रयोगमा सहयोग पुर्‍याउने।
- मानव बेचबिखनसँग सम्बन्धित शब्दावलीहरू तथा अवधारणाहरूलाई नेपाली परिवेश, व्यवहार, प्रचलन अनुकूल स्व:स्पष्ट बनाउन सहयोग गर्ने।

## ३. अध्ययन विधि:

यो पुस्तिका तयार गर्न देहाय बमोजिम विधि अवलम्बन गरिएको छ :

- मानव बेचबिखनसँग सम्बन्धित शब्दावलीहरूको अध्ययन, सङ्कलन तथा विभिन्न सन्दर्भ सामाग्रीहरूको पुनरावलोकन
- विशेषज्ञ समूहरूसँगको छलफल तथा परामर्श
- राष्ट्रिय परामर्श

## ४. यस पुस्तिकामा समेटिएका शब्दावलीहरूको स्वरूप

मानव बेचबिखनसँग सम्बन्धित शब्दावलीहरू समेटेर यो पुस्तिका तयार पारिएको छ। यस क्रममा मानव बेचबिखन विरूद्धमा काम गर्ने सरोकारवाला सरकारी तथा नागरिक समाज संस्था र निकायहरूले पीडित र प्रभावितहरूलाई सहयोग गर्ने सन्दर्भमा बुझाइमा भएका अन्तरहरू, विविध अर्थमा प्रयोग भएका र धेरैजसो प्रयोगमा आउने शब्दावलीहरूलाई

सङ्कलन गरी बुझाइमा एकरूपता ल्याउन तिनीहरूलाई परिभाषित गरिएको छ। उपलब्ध भएका प्रचलित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून तथा दस्तावेजहरूलाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरी धेरैजसो शब्दावलीहरूलाई परिभाषित गर्ने प्रयास गरिएको छ। यसमा उल्लेख गरिएका कतिपय शब्दावलीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा नभेटिएका तर प्रयोगमा आइरहेका छन् जसलाई विज्ञ समूहसँगको छलफल परामर्शबाट परिभाषित गर्ने प्रयास गरिएको छ। यस पुस्तिकामा सामान्यतया बढी प्रयोग हुने शब्दावलीहरूका अतिरिक्त रोकथाम, उद्दार, संरक्षण, पुन:स्थापना, स्वदेशफिर्ती, पुनर्एकीकरण, कानूनी कारवाही, बसाइसराई र बालबालिकाको बेचबिखन लगायत अन्य शब्दावलीहरू पनि समेटिएका छन्।

प्रस्तुत पुस्तिका एटविनको पहिलो प्रयास भएको हुनाले यस पुस्तिकामा प्रचलित कतिपय शब्दावलीहरूलाई समेट्न सकिएको छैन। पुस्तिकाले मानव बेचबिखनसँग सम्बन्धित शब्दावलीहरू तथा अवधारणागत स्पष्टता ल्याउने र आफू अनुकूल प्रयोग गर्ने भन्दा पनि प्रयोगमा अझ स्पष्टता र एकरूपता ल्याउन थप मद्दत पुऱ्याउने छ भन्ने विश्वास गरिएको छ।

## ५. मानव बेचबिखनसँग सम्बन्धित शब्दावलीहरूको अर्थ, परिभाषा एवं अवधारणा

| क्र.सं. | शब्दावली | परिभाषा | स्रोत/ दस्तावेज |
|---|---|---|---|
| क. सामान्यतया प्रयोग हुने शब्दावलीहरू | | | |
| १. | **मानव बेचबिखन** | क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, (घ) वेश्यागमन गर्ने। | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, परिच्छेद २, दफा ४, (१) पेज १ |
| | | "मानव बेचविखन तथा ओसारपसार" भन्नाले धम्की वा बल प्रयोग वा अन्य प्रकारको करकाप, अपहरण, धोका, अख्तियारको दुरूपयोग गरी वा नाजुक अवस्थामा रहेको स्थिति वा भुक्तानी वा लाभको लेनदेनको माध्यमबाट शोषणको प्रयोजनको लागि अर्को व्यक्ति उपर नियन्त्रण राख्ने व्यक्तिको सहमति हासिल गर्न व्यक्तिहरूको भर्ती, ओसारपसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने कामलाई सम्झनुपर्छ। | बहुराष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पलेर्मो प्रोटोकल) धारा ३ खण्ड (क) पेज नं. ५ |
| | | "कुनै पनि व्यक्तिलाई ललाई फकाई डर देखाई धम्क्याई बल प्रयोग गरी बँधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरी यौन शोषण गर्नु वा अन्य जुनसुकै प्रयोजनको निम्ति एक ठाउँबाट अर्को ठाउँमा लग्नु नै बेचबिखन हो।" | Global Alliance Against Trafficking in Women (GAATW) |
| | | "दासता, बाध्यात्मक श्रम (बँधुवा मजदूरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रम लगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति पदको दुरूपयोग गरी काममा लगाउनु वा ओसारपसार गर्नु वा एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन तथा ओसारपसार हो।" | संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्च आयुक्तको कार्यालय, संयुक्त राष्ट्र बाल कोष र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (OHCHR, UNICEF & IOM) |

| | | | |
|---|---|---|---|
| | | "बेचबिखन भन्नाले व्यक्तिको इच्छा वा इच्छा बिना देशभित्र वा बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले वेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिकाहरूको ओसारपसार वा किनबेचलाई बुझाउँदछ।" | वेश्यावृतिका लागि महिला र बालबालिका बेचबिखनविरूद्धको सार्क महासन्धि, २००२ |
| | | "कुनै कार्यका लागि भर्ना गर्दा, देशको सीमाभित्र वा बाहिर ओसारपसार गर्दा, खरिद बिक्री गर्दा, स्थानान्तरण गर्दा, धोका दिएर कुनै व्यक्तिलाई ग्रहण गर्दा, शक्ति वा अख्तियारको दुरूपयोग वा धम्कीको प्रयोग लगायतका जबर्जस्ती गरिने कार्यहरू वा कसैलाई ऋण बन्धनमा पारेर कब्जामा राख्ने, बिना पारिश्रमिक वा पारिश्रमिक सहित इच्छा विपरित दास सरह राख्ने राख्ने (घरेलु, यौन वा प्रजननको प्रयोजनका लागि) कार्यहरू तथा आफू सुरूको अवस्थामा रहेको समुदाय भन्दा फरक समुदायमा कसैलाई जबर्जस्ती श्रम, बँधुवा श्रमका रूपमा वा दासतापूर्ण परिस्थितिमा राख्न बाध्य गराउने क्रियाकलापहरू।"<br>All acts and attempted acts involved in the recruitment, transportation within or across borders, purchase, sale, transfer, receipt or harbouring of a person involving the use of deception, coercion (including the use or threat of force or the abuse of authority) or debt bondage for the purpose of placing or holding such person, whether for pay or not, in involuntary servitude (domestic, sexual or reproductive), in forced or bonded labour, or in slavery-like conditions, in a community other than the one in which such person lived at the time of the original deception, coercion or debt bondage. | बेचबिखनमा परेका व्यक्तिको उपचारका लागि मानव अधिकार मापदण्ड (Human Rights Standards for the Treatment of Trafficked Person) GAATW, Page No. 1 |
| २. | **मानव ओसारपसार** | (क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने। | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा ४ (२) पेज नं. १-२ |
| ३. | **शोषण** | "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ। | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा २ (ङ),पेज नं.१ |

| | | | |
|---|---|---|---|
| | | "शोषण" भन्नाले न्यूनतम रूपमा अरूको वेश्यावृत्तिको शोषण वा अन्य स्वरूपका यौन शोषण, जबर्जस्ती श्रम वा सेवामा लगाउने काम, दासता वा दासता सरहका अभ्यास, बाँधा बनाउने वा मानव अङ्ग झिक्ने काम समेतलाई जनाउँछ। | बहुराष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको (आलेख) (पलेर्मो प्रोटोकल) धारा ३ खण्ड (क) पेज नं. ५ |
| | | "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्यलाई सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ। | आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९,१.४, (ट) पेज नं. ५ |
| **४.** | **पीडित** | "बेचबिखन गरिएका व्यक्तिहरू" भन्नाले जीउ मास्ने बेच्ने काम गर्ने व्यक्तिले झुक्याई, धोका वा धम्की दिई, दबाबमा पारी, अपहरण गरी बिक्री गरी, जालसाजपूर्ण विवाह, बाल विवाह गरी वा अन्य कुनै गैर कानूनी तरिकाले पीडित भएका वा बलपूर्वक वेश्यावृत्तिमा लगाइएका महिला वा बालबालिका सम्झनुपर्छ। | |
| | | "पीडित" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ। | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, परिच्छेद-१ दफा २ (ग) पेज नं. १ |
| | | पीडित भन्नाले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएको, शोषण भएको व्यक्तिलाई सम्झनु पर्नेछ। | मानव वेचविखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि न्यूनतम राष्ट्रिय मापदण्ड, २०६८" परिच्छेद १,३ (ङ)पेज नं.२ |
| | | पीडा भोग्न वा सहन पुगेको वा बाध्य भएको व्यक्ति वा यातना पाउने व्यक्ति। | यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ |
| | | 'पीडित' भन्नाले बेचबिखन तथा ओसारपसारमा पारिएको/परेको व्यक्तिलाई सम्झनु पर्दछ। यो शब्दले बेचबिखन तथा ओसारपसारमा परी उद्धार गरिएको वा उद्धार गर्न आवश्यक नेपालको सीमाना भित्र फेला परेको विदेशी नागरिक समेतलाई बुझाउनेछ। | पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, परिच्छेद १, दफा २,(ञ) पेज नं.२ |
| | | पीडित भन्नाले मानव अधिकार उल्लंघन र हनन वा त्यसको दुरूत्साहन भएकोमा सो कार्यबाट पीडित हुन गएको व्यक्ति, समूह वा समुदायलाई सम्झनुपर्दछ। | मानव अधिकार उल्लघंन सम्बन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) निर्देशिका, २०७३, परिच्छेद-१ दफा ३, (च) पेज नं. २ |

| | | | |
|---|---|---|---|
| ५. | **प्रभावित** | प्रभावित भन्नाले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएको, शोषण भएको व्यक्तिलाई सम्झनु पर्नेछ । | मानव वेचविखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि न्यूनतम राष्ट्रिय मापदण्ड, २०६८, परिच्छेद १,३ (ङ) पेज नं. २ |
| | | प्रभावित भन्नाले राजनैतिक, नागरिक, आर्थिक, सामाजिक, सांस्कृतिक, तथा लैंगिक वा जातीय वा उत्पत्तिका आधारमा भएका विभेद वा हिंसा एवम् द्वन्द्वको कारणबाट भएको मानव अधिकार उल्लघन वा त्यसको दुरूत्साहन सम्बधी घटनाबाट प्रभावित व्यक्ति, समूह वा समुदाय भन्ने सम्झनुपर्दछ । | मानव अधिकार उल्लघंन सम्बन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) निर्देशिका, २०७३, परिच्छेद-१, दफा ३, (ज) पेज नं.२ |
| | | TIP survivor as the individual who was a victim of TIP but has been rescued/escaped, or rehabilitated/integrated in society or has become a campaigner against TIP and/or has become empowered.<br><br>मानव बेचबिखन प्रभावित (Human Trafficking survivor) भन्नाले त्यस्तो व्यक्तिलाई बुझाउदछ, जो मानब बेचबिखनमा परेको तर उद्धार गरिएको/भागेको/अथवा पुनर्स्थापना गरिएको/समाजमा एकीकृत गरिएको हुन्छ अथवा मानव बेचबिखन विरुद्ध अभियानकर्ता बनेको हुन्छ वा सशक्तिकृत भैसकेको हुन्छ । | एटविन, also reflected in the https://www.unodc.org/documents/human-trafficking/Publication/UNVTF_Introductory_Brochure_Web.pdf |
| ६. | **दासता (कमारा, कमारी, हरूवा, चरूवा)** | दासत्वको परिभाषाले मानव बेचबिखन तथा ओसारपसारलाई कुनै प्रकारको शक्ति वा बलको प्रयोगबाट कसैमाथि अधिकारको नियन्त्रणमा राख्ने कार्यलाई दासत्व मानेको छ। दासत्व व्यापार भन्नाले कुनै व्यक्तिमाथि कब्जा गर्ने उद्देश्यले प्राप्त गर्ने वा बिक्री गर्ने सम्बन्धी सम्पूर्ण कार्यहरूलाई जनाएको छ । | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि तालिम पुस्तिका, २०७२, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय पेज १०१ |
| | | Slavery is the status or condition of a person over whom any or all of the powers attaching to the right of ownership are exercised.<br><br>दासत्व भनेको एउटा व्यक्तिको त्यो स्थिति वा अवस्था हो, जसमाथि स्वामित्वको अधिकारसँग जोडिएका कुनै वा सबै शक्तिहरूको प्रयोग गरिन्छ । | The Slavery Convention, 1926 article 1 (1) page 1<br><br>दासत्व महासन्धि, १९२६ धारा १ (१) पेज नं. १ |
| | | सन् १९२६ को दासत्व महासन्धिमा परिभाषा गरिए अनुरूप "दासत्व" भन्नाले कुनै व्यक्ति, जो उपर स्वामित्वको अधिकारसँग गाँसिएका कुनै वा सबै शक्ति प्रयोग गरीएको हैसियत वा अवस्थालाई सम्झनु पर्छ र "दास" भन्नाले यस्तो हैसियत वा अवस्थामा भएको व्यक्ति सम्झनु पर्छ । | दासत्व, दास व्यापार र दासत्व समान संस्था तथा अभ्यासहरूको<br><br>उन्मूलन सम्बन्धी पूरक महासन्धि खण्ड ४, धारा ७ (क) पेज नं. ५ |
| ७. | **आधुनिक दासता** | व्यक्तिलाई शक्ति, बल वा प्रभावमा पारी जबर्जस्ती श्रममा लगाउने कार्य । | एटविन परामर्श बैठकहरूबाट |

| | | | |
|---|---|---|---|
| ८. | **यौन शोषण** | “यौन शोषण” भन्नाले कार्यस्थलमा काम गर्ने महिलाहरूलाई यौन उत्तेजनामा ल्याउने वा आफू स्वयं यौन उत्तेजनामा आउने हिसावले जिस्काउने, बोल्ने वा कुनै प्रकारको यौन इशारा प्रदर्शन गर्ने लगायतका सम्पूर्ण कार्यहरूलाई जनाउँछ। यो शब्दले शुल्क लिई वा नलिई वेश्यावृत्तिमा संलग्न हुन बाध्य पार्ने पराउने लगायतका व्यवहारहरूलाई समेत जनाउँदछ। | श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ परिच्छेद १ दफा २ ङ) पेज नं. १ |
| | | कार्यस्थलमा देहायका काम कारवाही गरेमा वा गर्न लगाएमा यौन शोषण गरेको मानिने छ। क) आर्थिक प्रलोभन दिई वा नदिई कसैसँग यौन सम्बन्ध स्थापित गर्न बाध्य पारेमा वा पार्न लगाएमा, ख) श्रमजीवि महिलालाई थप आर्थिक सुविधा, पदोन्नति दिने दिलाउने भनी लालचमा पारी वा आश्वासन दिई यौन सम्बन्ध कायम राखेमा वा राख्न लगाएमा, ग) शुल्क वा रकमको प्रस्ताव गरी श्रमजीवि महिलासँग यौन सम्बन्ध राखेमा, राख्न प्रयत्न गरेमा, घ) यौन सम्बन्ध राख्ने वा नराख्ने जुनसुकै उद्देश्यले श्रमजीवि महिलाको कुनै पनि अङ्ग स्पर्श गरेमा आफ्नो अङ्ग स्पर्श गर्न लगाएमा, ङ) मदिरा वा त्यस्तै प्रकारका लागू पर्दाथ को सेवन गरी, गराई परिच्छेद ३ मा उल्लेखित काम कारवाही गरे गराएमा, च) ईच्छा विपरीत बाध्यतामा पारी यौन सम्बन्ध राखेमा। | श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ परिच्छेद ३ दफा ८, पेज नं. ३ |
| ९. | **यौन दुर्व्यवहार** | कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गरएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछ :-<br>(क) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा,<br>(ख) अश्लील तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य-दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा,<br>(ग) लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,<br>(घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,<br>(ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा। | (कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा २ को खण्ड घ र दफा ४ को उपदफा १) पेज नं. १४,१५ |
| | | यौन दुर्व्यवहार भन्नाले करणी-उद्योग र आशय करणी भन्ने बुझिन्छ। | घटना व्यवस्थापन सम्बन्धी मार्ग-दर्शन, २०७०, केन्द्रीय बाल कल्याण समिति, पेज नं. १०० |

| | | | |
|---|---|---|---|
| १०. | **यौन उत्पीडन** | कार्यस्थलमा देहायका काम कारवाही गरेमा वा गर्न लगाएमा श्रमजीवि महिलालाई यौन उत्पीडन दिएको मानिने छ। क) शारीरिक सम्बन्धको लागि प्रस्ताव या माग गर्नु, ख) यौन एवं उत्तेजक भाषा तथा उत्तेजक नृत्य, गीतको प्रयोग गर्नु, ग) श्रमजीवि महिलाले देख्ने गरी अश्लील साहित्य, पोष्टर, पर्चा आदि राख्नु, टाँस्नु, प्रर्दशन गर्नु, गराउनु, घ) यौन सम्बन्धी छेडखानी गर्नु, ङ) शारीरिक, मौखिक या यौन सम्बन्धी आचरण प्रस्तुत गरेमा, च) यौन विकार उत्पन्न हुने अन्य कुनै पनि व्यवहार गरे गराएमा, छ) उत्तेजक पोशाक लगाई नृत्य गर्न गीत गाउन बाध्य पारेमा | श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ परिच्छेद ३ दफा ८ पेज नं. ३ |
| ११. | **वेश्यावृत्ति** | "वेश्यावृत्ति" भन्नाले व्यापारिक उद्देश्यका लागि व्यक्तिको यौन शोषण वा दुरूपयोग सम्झनु पर्छ। | वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरूद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएका सार्क महासन्धि, धारा १ उपधारा २ |
| १२. | **यौनकर्मी** | The term 'sex worker' is used to refer to all adults who sell or exchange sex for money, goods or services (e.g., transport). It is used to refer to people who sell or exchange sex even if they do not identify as sex workers or consider the activity to be 'work'.<br>"यौनकमी" शब्दले ती व्यस्कहरूलाई जनाउँदछ, जसले पैसा, मालसामान वा सेवा (जस्तै, ओसार पसार गर्न)का लागि यौन बेच्ने वा लेनदेन गर्ने गर्दछन्। यो शब्दको प्रयोग ती मानिसहरूलाई जनाउन समेत प्रयोग गरिन्छ, जो यौन बेच्ने वा लेनदेन त गर्दछन्, तर तिनीहरू "यौनकमी"को रूपमा चिनिएका हुँदैनन् वा तिनका क्रियाकलापलाई 'काम' भनिएको हुँदैन। | Sex Work and the Law in Asia and the Pacific, UNDP 2012 page no,IX<br>एसिया तथा प्रशान्त क्षेत्रमा देह-व्यापार र कानुन, यूएनडीपी २०१२, पेज नं. ९ |
| १३. | **श्रम शोषण** | श्रम ऐनको मापदण्ड विपरित कुनै व्यक्तिलाई श्रममा लगाउनु श्रम शोषण हो। | एटविन परामर्श बैठकहरूबाट |
| १४. | **बाध्यात्मक श्रम** | यस दफाको प्रयोजनको लागि "बाँधा श्रम" भन्नाले कुनै श्रमिकलाई कुनै काम वा सेवा नगरेमा कुनै किसिमको आर्थिक, शारीरिक वा मानसिक रूपमा कारवाही गर्ने डर त्रास देखाई निजको इच्छा विपरीत कुनै काम वा सेवा गराउने कार्य सम्झनु पर्छ। | श्रम ऐन, २०७४ परिच्छेद - २ दफा ४ उपदफा २, पेज नं. ३ |
| | | Forced or compulsory labour shall mean all work or service which is exacted from any person under the menace of any penalty and for which the said person has not offered himself voluntarily.<br>जबर्जस्ती वा अनिवार्य श्रम भन्नाले त्यस्ता सबै काम वा सेवाहरूलाई बुझाउदछ, जुन कुनै व्यक्तिलाई डर धम्की देखाई बलपूर्वक लगाइएको हुन्छ र उक्त व्यक्तिले स्वच्छिक रूपमा (प्रदान) गरेको हुदैन। | Forced Labour Convention, 1930 (No. 29) Article 2(1)<br>जबर्जस्ती श्रम अभिसन्धि, (नं. २९) धारा २ (१) |
| १५. | **गैह्र कानुनी अङ्ग प्रत्यारोपण** | "अङ्ग प्रत्यारोपण" भन्नाले आधुनिक चिकित्सा प्रणाली अनुसार व्यवस्थित रूपमा रोगको उपचार गर्ने प्रयोजनको लागि एक मानव शरीरको अङ्ग अर्को मानव शरीरमा प्रत्यारोपण गरिने कार्य सम्झनु पर्छ। | मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ परिच्छेद-१ दफा २, ग |

| | | | |
|---|---|---|---|
| | | कानून बमोजिम बाहेक कसैले पनि अनुमति-पत्र नलिई अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सन्चालन गर्न गराउन हुँदैन ।<br><br>(१) देहायको व्यक्तिले बिरामीलाई आफ्नो अङ्ग दान दिन सक्नेछ :- (क) बिरामीको नजिकको नातेदार,("नजिकको नातेदार" भन्नाले अङ्ग ग्रहण गर्ने व्यक्तिको पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु आमा, सौतेनी बाबु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाई, दिदी, बहिनी, ठूलोबुबा, ठूलीआमा, काका, काकी, सानोबाबु, सानीआमा, भतिजा, भतिजी, सासु, ससूरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजु, बुहारी, मामा, माइजु, भान्जा, भान्जी, साला, साली, फूपु, फूपाजु, आमाजु, भदा, भदै, भिनाजु, ज्वाँई, जेठान सम्झनु पर्छ। तर धर्मपुत्र, धर्मपुत्री, धर्मपुत्र धर्मपुत्री राख्ने बाबुआमा र वैवाहिक सम्बन्धबाट कायम भएको नाता सम्बन्धको हकमा कम्तीमा दुई वर्षदेखि अटुट रूपमा नाता सम्बन्ध कायम रहि आएको हुनु पर्नेछ ।)<br><br>(ख) दुई वा दुईभन्दा बढी परिवारका कुनै सदस्यलाई अङ्ग प्रत्यारोपण गर्नु पर्ने अवस्थामा त्यस्ता परिवारका आफ्नो नजिकको नातेदारको अङ्ग नमिली प्रत्यारोपण हुन नसक्ने अवस्था भएमा र त्यसरी प्रत्यारोपण गर्न खोजिएको अङ्ग अर्को परिवारको सदस्यसँग मिल्ने भएमा आपसी सहमतिको आधारमा लिखित रूपमा एक अर्काको परिवारको सदस्यले ।<br><br>यी माथि उल्लेखित बाहेक अनुमतिपत्र नलिई अङ्ग प्रत्यारोपण गर्नु गैह्र कानुनी अङ्ग प्रत्यारोपण हो । | मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ परिच्छेद-२, दफा ६<br><br>मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ परिच्छेद-४, दफा १४ |
| **१६.** | **मानव तस्करी** | कसैले आर्थिक उपार्जन वा अन्य कुनै किसिमले फाइदा लिने उद्देश्यले, कुनै व्यक्तिलाई विधिवत् प्रवेशाज्ञा नभएको मुलुकमा गैरकानुनी रूपमा मानिसहरूको प्रवेश गराउने वा गैरकानुनी रूपमा व्यक्तिको इच्छा अनुरूप उसको सहमति र चाहना अनुसार एक देशबाट अर्को देशमा व्यक्तिलाई लगिदिने कार्य मानव तस्करीको कार्य हो ।<br><br>विस्तृत विवरण अनुसूची १ मा | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि तालिम पुस्तिका, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय २०७२, पेज नं.४०,४१ |
| | | "Smuggling of migrants" shall mean the procurement, in order to obtain, directly or indirectly, a financial or other material benefit, of the illegal entry of a person into a State Party of which the person is not a national or a permanent resident;<br><br>"आप्रवासीहरूको तस्करी" भन्नाले वित्तीय वा अन्य भौतिक फाइदाका लागि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै मुलुकको नागरिक वा स्थायी बासिन्दा नरहेको व्यक्तिलाई कुनै राज्यभित्र गैरकानुनी प्रवेशको लागि गरिएको बन्दोवस्तीलाई बुझाउँछ । | Protocol against the Smuggling of Migrants by Land, Sea and Air, supplementing the United Nations Convention against Transnational Organized Crime, Article 3 (a)<br><br>संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराध विरुद्ध महासन्धिको पुरक प्रलेख रहेको स्थल, जल र हवाइमार्गबाट हुने आप्रवासीहरूको तस्करी विरुद्ध प्रलेख, धारा ३ (क) |

| | | | |
|---|---|---|---|
| १७. | **कोठी (Brothel)** | "brothel" includes any house, room, conveyance or place, or any portion of any house, room, conveyance or place, which is used for purposes of sexual exploitation or abuse for the gain of another person or for the mutual gain of two or more prostitutes;<br>"कोठी" भन्नाले यौन शोषणको लागि प्रयोग गरिने वा अर्को व्यक्ति वा दुइ वा सोभन्दा बढी यौन व्यवसायीहरूको आपसी फाइदाको लागि दुरुपयोग गरिने कुनै घर, कोठा, बाहन वा स्थान अथवा कुनै घर, कोठा, बाहन वा स्थानको कुनै हिस्सालाई बुझिन्छ । | THE IMMORAL TRAFFIC (PREVENTION) ACT, 1956<br>अनैतिक बेचबिखन (रोकथाम) ऐन, १९५६, भारत |
| १८. | **मनोसामाजिक परामर्श (Psychosocial Counseling)** | 'प्रभावित व्यक्तिको विद्यमान समस्या, असुविधा वा व्यवहारमा परिवर्तन, सुधार वा समाधान गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रभावित व्यक्ति र मनोविमर्शकर्ता बीच गरिने योजनाबद्ध सहयोगको प्रक्रिया नै मनोविमर्श हो । यस प्रक्रियामा विगतमा उपयोगी पुष्टि भएका सामना गर्ने तरिका/प्रविधिलाई पत्ता लगाई त्यसलाई विद्यमान स्थितिमा परिवर्तन ल्याउनका लागि कसरी प्रयोग गर्ने वा नया 'तरिका/प्रविधि कसरी निर्माण गर्ने भन्ने विषयमा प्रभावित व्यक्तिलाई सहयोग गरिन्छ ।' | मानव बेचबिखन विरूद्धको अभियानमा संलग्न सरोकारवालाहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, पेज १९ |
| | | मनोविमर्शकर्ता र सेवा सहयोग लिने व्यक्ति (सेवाग्राही) बीचको एउटा योजनावद्ध सहयोगको प्रक्रिया नै मनोविमर्श हो जसमा मनोविमर्शकर्ताले सहयोगको आवश्यकता (समस्यामा परेका) व्यक्तिलाई सीपमा आधारित कुराकानी तथा अन्य व्यवहारिक विधिहरूका माध्यमबाट उसका समस्या, व्यवहार र अप्ठ्याराहरूमा सुधार वा समाधानको लागि सहयोग गरिन्छ । | मनोसामाजिक तथा मानसिक स्वास्थ्य सहयोग ६ महिने मनोसामाजिक मनोविमर्श तालिमका लागि अध्ययन सामाग्री (खण्ड ग) टी पि ओ नेपाल, २०१७ पेज नं. १९ |
| १९. | **सिफारिस प्रणाली** | सिफारिस प्रणाली भनेको त्यस्तो व्यवस्था हो जहाँ धेरै संस्थाहरूको सञ्जाल हुन्छ । यो प्रणाली अन्तर्गत प्रभावित व्यक्तिहरूले विशेष अवस्थामा उसको सुरक्षाको लागि आवश्यकता अनुसार सेवा तथा सुविधा प्राप्त गर्न सक्दछ । यस्तो प्रणालीले प्रभावित व्यक्तिहरूले वा प्रभावित व्यक्तिहरूलाई सकेसम्म चाँडो सूचना तथा सञ्चार आदान प्रदान गर्न मद्दत पुऱ्याउँदछ । सिफारिस प्रणालीको मुख्य उद्देश्य भनेको बेचिएका व्यक्तिहरूको मानव अधिकारको प्रत्याभूति गराउनुका साथै प्रभावकारी ढङ्गबाट उनीहरूको सेवा तथा सुविधाहरू प्राप्त गर्न सकुन भनेर अरू निकायहरूमा सिफारिस गर्ने कार्यलाई बुझाउँछ । | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि तालिम पुस्तिका, २०७२, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, पेज ७६,७७ |
| २०. | **मानव अधिकार** | "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ । | राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ परिच्छेद-१, दफा २ च पेज नं.२ |
| २१. | **मानव अधिकार मुखि दृष्टिकोण तथा अवधारणा** | मानव अधिकारमुखि दृष्टिकोण तथा अवधारणा भन्नाले कुनै पनि व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादालाई सम्मान गर्दै व्यवहारिक रूपमा मानव अधिकारको सुनिश्चितताको निम्ति अवलम्बन गरिने अवधारणालाई जनाउँछ । | एटविन परामर्श बैठकहरूबाट |

| | | | |
|---|---|---|---|
| | | A human rights-based approach is a conceptual framework for dealing with a phenomenon such as trafficking that is normatively based on international human rights standards and that is operationally directed to promoting and protecting human rights.<br><br>मानव अधिकारमा आधारित दृष्टिकोण भन्नाले बेचबिखन जस्ता घटनालाई हेर्ने यस्तो अवधारणागत रुपरेखा हो, जन सामान्यतया अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्डमा आधारित हुन्छ र व्यवहारिक रूपैले मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि निर्देशित हुन्छ । | Human Rights and Human Trafficking,UNITED NATIONS Human Rights Fact Sheet No. 36, 2014, page no.8<br><br>मानवअधिकार र मानव बेचबिखन, संयुक्त राष्ट्रसंघीय मानव अधिकार तथ्य पत्र नं. ३६, २०१४, पेज नं. ८ |
| **२२.** | **गोपनियता** | कुनै पनि व्यक्तिको जीउ आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिक बाहेका अनतिक्रम्य हुनेछ । | नेपालको संविधान,२०७२, धारा २८ |
| | | उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुरी दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्ने व्यवस्था गरिएको छ ।<br><br>मानव बेचबिखन तथा ओसारपसार मुद्दाको कारवाही र सुनुवाई बन्द इजलासमा हुने व्यवस्था गरिएको छ । | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ परिच्छेद-२ दफा ५ पेज नं. २ र<br><br>परिच्छेद-५ दफा २७ उपदफा (१) पेज नं. ६ |
| | | प्रत्येक राज्य पक्षले आफ्नो आन्तरिक कानून बमोजिम उपयुक्त भएको अवस्थामा र सम्भव भएसम्म अन्य कुराको अतिरिक्त मानव बेचबिखन तथा ओसारपसारसंग सम्बन्धित कानूनी कारवाहीहरू गोप्य बनाई त्यस्तो बेचबिखन तथा ओसारपसारका पीडितहरूको गोपनीयता र परिचयको संरक्षण गर्नेछ । | बहुराष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचविखन, खास गरी महिला र बालबालिकाको बेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख, धारा ६.१ पेज नं.७ |
| | | गोपनियताको अधिकार: (१) देहायका कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनियताको अधिकार हुनेछ:<br>◆ जबर्जस्ती करणी<br>◆ हाडनाता करणी<br>◆ मानव बेचबिखन<br>◆ यौन दुर्व्यवहार<br>◆ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य फौजदारी कसूर ।<br>◆ (२) उपदफा (१) को कसूरमा कसैले पनि पीडितको पहिचान कुनै पनि रुपबाट प्रकट गर्न हुदैन । | अपराध पीडित संरक्षण ऐन, २०७५ परिच्छेद २, दफा ६, पेज नं.५ |

| | | | |
|---|---|---|---|
| | | ◆ पीडितले चाहेमा उपदफा (१) बमोजिमका कसूरको अनुसन्धान, तहकिकात र अदालती कारबाहीको सिलसिलामा पीडितसँग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा देहाय बमोजिम गर्नु पर्नेछ: पीडितलाई निजको पहिचान नखुल्ने गरी प्रस्तुत गरेर, पीडितलाई वास्तविक स्वर बदल्न दिएर, अभियुक्तले देख्न सुन्न नपाउने किसिमले श्रव्यदृष्य संवाद प्रविधि प्रयोग गरेर, अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाएर । | |
| **२३.** | **Case Referral घटना सिफारिस** | बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावित तथा जोखिममा परेका व्यक्तिलाई आवश्यक सेवा सुविधाको लागि एक देशबाट अर्को देश, एक स्थानबाट अर्को स्थानमा रहेका सेवा प्रदायक एक संस्थाबाट अर्को संस्थामा सिफारिस गरी पठाउने कार्य । | एटविन परामर्श बैठकहरूबाट |
| **ख. रोकथामसँग सम्बन्धित शब्दावलीहरू:** | | | |
| **१.** | **सचेतना** | मानव बेचबिखनका विविध आयाम जस्तै: नीति, रोकथाम, संरक्षण कानूनी कारवाही, साझेदारीबारे जानकारी दिई सचेत गर्ने/गराउने कार्य । | एटविन परामर्श बैठकहरूबाट |
| **२.** | **सुसुचित छनौट** | व्यक्तिसँग सम्बन्धित विषय उसले गर्ने कार्य, परिणाम र संभाव्य जोखिमको बारेमा जानकारी गराई निजको इच्छा अनुसार छनौट गर्ने कार्य । | एटविन परामर्श बैठकहरूबाट |
| **३.** | **हेल्पलाइन /हटलाइन** | कुनै लक्षित समूह वा सर्वसाधारणलाई कुनै खास विषयमा आवश्यक सल्लाह, सुझाव तथा सेवा (आपत्कालिन) प्रदान गर्न सञ्चालित गरिएको नि:शुल्क विशेष टेलिफोन सेवालाई हेल्पलाइन/हटलाइन भनिन्छ ।<br>जस्तै नेपालमा हेल्पलाइन/हटलाइन सेवाहरू :<br>बालबालिकाहरूको निम्ति आपत्कालिन बाल हेल्पलाइन सेवाको निम्ति, बाल हेल्पलाइन नेपाल (पैसा नलाग्ने फोन १०९८)<br>लैङ्गिक हिंसा विरूद्धको हेल्पलाइन सेवा राष्ट्रिय महिला आयोग : ११४५<br>मानव बेचबिखन अनुसन्धान ब्यूरो नेपाल प्रहरी ११७७<br>बालबालिका खोजतलास तथा समन्वय केन्द्र नेपाल प्रहरी १०४<br>नेपाल प्रहरी: १०० | एटविन परामर्श बैठकहरूबाट |
| **४.** | **सूचना केन्द्र वा सहायता कक्ष** | सूचना केन्द्र वा सहायता कक्ष भन्नाले मानव बेचबिखन नियन्त्रण र सुरक्षित आप्रवासन सम्बन्धी जानकारी प्रवाह गर्नको लागि जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, सीमाना क्षेत्र, विमानस्थल, बसपार्क आदि स्थानहरुमा स्थापना गरी संचालनमा ल्याएका कक्ष, ठाँउ वा केन्द्रहरूलाई जनाउँदछ । | एटविन परामर्श बैठकहरूबाट |

| | | | |
|---|---|---|---|
| ५. | **सेवा प्रदायक** | 'सेवा प्रदायक' भन्नाले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावित व्यक्तिहरूको हेरचाह तथा सेवा प्राप्त गर्नेहरूको अधिकारलाई सुनिश्चितता गर्ने सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संस्थाहरू समेतलाई जनाउँछ। | मानव वेचविखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि न्यूनतम राष्ट्रिय मापदण्ड, २०६८, परिच्छेद १,३ (ग) पेज नं. २ |
| ६. | **आन्तरिक बेचबिखन** | देश भित्रै हुने बेचबिखन। | एटविन परामर्श बैठकहरूबाट |
| ७. | **जोखिम समूह** | मानव बेचबिखनको उच्च सम्भावनामा परेका वा पर्न सक्ने वर्ग, समूह तथा समुदाय। | एटविन परामर्श बैठकहरूबाट |
| ८. | **निगरानी समूह** | मानव बेचबिखनको रोकथामका लागि स्थानीय स्तरमा पहिचान, रोकथाम खबरदारी, सहयोग र समन्वय गर्ने समूह। | एटविन परामर्श बैठकहरूबाट |
| **ग. उद्धारसँग सम्बन्धित शब्दावलीहरू:** | | | |
| १. | **उद्दार** | "उद्दार" भन्नाले, बालबालिकाहरूलाई जोखिम तथा शोषणयुक्त अवस्थाबाट आधिकारिक निकायको पहलमा छुटकारा गराउनु भन्ने बुझिन्छ। | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०७०, पेज नं.५४ |
| | | व्यक्तिलाई जोखिम तथा शोषणयुक्त अवस्थाबाट आधिकारिक निकायको पहलमा छुटकारा गराउने कार्य। | |
| | | "मुक्ति" भन्नाले, जोखिम र शोषणयुक्त वातावरणबाट छुटकारा दिलाउन सहमति अनुसार अलग गर्ने भन्ने बुझिन्छ। | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय २०७० पेज नं.५४ |
| २. | **Interception** **बाटोमा रोक्ने** | The act of stopping somebody/something that is going from one place to another from arriving | Oxford Dictionary |
| | | व्यक्तिलाई कसैले बेचबिखन गर्ने उद्देश्यले लगिरहेको अवस्थामा गन्तव्य स्थानमा पुऱ्याउनु अगावै वा क्रममा आधिकारिक निकाय वा सरोकारवाला संघसंस्थाहरूको पहलमा रोक्ने कार्य। | एटविन परामर्श बैठकहरूबाट |
| ३. | **राष्ट्रिय समिति** | "राष्ट्रिय समिति" भन्नाले नियम ३ बमोजिमको समिति सम्झनु पर्छ। विस्तृत विवरण अनुसूची २ मा | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ नियम ३ पेज नं.१ |
| ४. | **जिल्ला समिति** | "जिल्ला समिति" भन्नाले नियम ६ बमोजिमको समिति सम्झनु पर्छ। विस्तृत विवरण अनुसूची ३ मा | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ नियम ६ पेज नं.२ |
| ५. | **स्थानीय समिति** | गाउँ/नगरपालिका वा वडा तहमा गठित समितिलाई जनाउँदछ। | एटविन परामर्श बैठकहरूबाट |

| | | | |
|---|---|---|---|
| | | स्थानीय तह भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ। सो शब्दले जिल्ला सभालाई समेत जनाउँदछ। | स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद १, दफा २,(म), पेज नं.३ |
| **घ. संरक्षणसँग सम्बन्धित शब्दावलीहरू:** | | | |
| १. | **संरक्षण** | प्रत्येक बालबालिकालाई बाँच्न पाउने तथा जीवन रक्षाको अधिकार छ र उसलाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहार तथा वेवास्ताबाट संरक्षित हुने अधिकार छ। | आवासीय बाल गृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, १.५, (ग) पेज नं.६ |
| | | पीडित, प्रभावित र जोखिममा रहेका व्यक्तिलाई थप मानसिक वा शारीरिक हानी हुनबाट बचाउन व्यक्ति, परिवार, समाज, संघ संस्था वा सरकारी निकायले विशेष सुरक्षा सहित राखिने कार्य नै संरक्षण हो। | एटविन परामर्श बैठकहरूबाट |
| | | लालनपालन, पालन पोषण, भरण पोषण, हेरचाह र रेखदेख। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ६५९ |
| २. | **अल्पकालिन संरक्षण** | अल्पकालिन सरंक्षण भन्नाले, बढीमा १५ दिनसम्म बालबालिकाको संरक्षण गर्न राखिने आश्रय स्थल भन्ने बुझिन्छ। | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, केन्द्रीय बालकल्याण समिति, २०७०, पेज नं.५४ |
| ३. | **दीर्घकालीन सरंक्षण** | दीर्घकालीन सरंक्षण भन्नाले, बालबालिकाहरूलाई १५ दिनभन्दा बढी वा लामो समयका लागि पुन:स्थापना गर्ने आश्रयस्थल या वैकल्पिक स्याहारको व्यवस्था गर्ने स्थान भन्ने बुझिन्छ। | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, केन्द्रीय बालकल्याण समिति, २०७०, पेज नं.५४ |
| ४. | **आधारभूत सुविधा** | केन्द्र संरचना, प्राथमिक सेवा तथा त्यसको न्यूनतम मापदण्ड : (१) केन्द्र संचालन गर्ने क्रममा संरक्षित व्यक्तिहरूलाई कम्तिमा यसै निर्देशिकाको दफा ७ मा उल्लेख भए बमोजिमका सेवाहरू प्रदान गर्नु पर्नेछ। ती सेवाहरू प्रदान गर्न केन्द्र भित्र देहाय वमोजिमका उपदफाहरू २, ३, ४, ५ र ६ का न्यूनतम आधारभूत सुविधाहरू सहितको संरचना हुनुपर्नेछ।<br>(२) परिसर (क्षेत्र) :<br>(३) स्थान/ठाँउ :<br>(४) भौतिक सुबिधाहरू :<br>(५) भोजन :<br>(६) लत्ताकपडा<br>विस्तृत विवरण अनुसूची ४ मा | पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, परिच्छेद ३, दफा १८ पेज नं. १४-१६ |

| ङ. पुनर्स्थापनासँग सम्बन्धित शब्दावलीहरू: | | | |
|---|---|---|---|
| १. | **पुनर्स्थापना केन्द्र** | पुनर्स्थापना केन्द्र' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३ तथा नियमावली, २०६५ को नियम ११ बमोजिम स्थापना र सञ्चालन गरिएका विभिन्न आवधिक गृहहरूलाई सम्झनु पर्नेछ । | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, परिच्छेद २ दफा १३ र<br>मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ नियम ११ |
| २. | **सुरक्षित आवास गृह** | "आवासीय स्याहार वा हेरचाह" भन्नाले परिवारभन्दा बाहिर कुनै खास समूहलाई पुऱ्याइने स्याहार वा हेरचाह सेवालाई बुझाउँछ । | आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६८, १.४, (च) पेज नं.५ |
| | | "आवासीय बालगृह" भन्नाले विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको हेरचाह र सरंक्षणको लागि नेपाल सरकार वा स्थानीय निकायले वा कुनै संस्थाले प्रचलित कानूनअनुसार स्वीकृति लिई स्थापना गरी सञ्चालनमा रहेका आवासीय बालगृहलाई सम्झनुपर्छ । | आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०६८, १.४, (घ) पेज नं.४ |
| | | "संरक्षण गृह" भन्नाले उद्धार गरिएका वा पक्राउ परेका, बेचबिखन गरिएका व्यक्तिहरूको स्वीकार, हेरचाह, उपचार तथा पुनर्स्थापनाका लागि कुनै सदस्य राज्यको सरकारबाट स्थापित वा मान्यता प्राप्त गृह सम्झनु पर्छ । | वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरूद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएका सार्क महासन्धि, धारा १ उपधारा ६ |
| ३. | **स्याहार योजना** (Care plan) | स्याहार योजना बालबालिकालाई स्याहार तथा सहयोग गर्ने मार्ग निर्देशक योजना हो । जसले कहाँ, कस्तो सहयोग चाहिन्छ भन्ने पहिचान गरी लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउँदछ । सहयोग गर्ने क्षेत्रहरूको पहिचान र लक्ष्य प्राप्त गर्ने प्रक्रियाहरूको समग्र खाका नै स्याहार योजना हो । बालबालिकाहरूको उच्चतम हित नै स्याहार योजनाको प्राथमिक लक्ष्य हो । स्याहार योजना बनाउँदा लेखाजोखाले निर्धारण गरेको लक्ष्य पूरा गर्न आवश्यक क्रियाकलापहरू तय गर्नुपर्दछ । स्याहार योजना बालबालिका र परिवारको लेखाजोखाका साथै बालबालिकाको सहभागिता र संकलित जानकारीको आधारमा बनाउनु पर्दछ । | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०७०, पेज नं.८ |
| ४. | **घटना व्यवस्थापन** | उजुरी भएका घटनाहरूको दर्ता, प्राथमिक सेवा-प्रदायकहरूलाई घटना सिफारिस, सरकारी सेवाको पहुँचको लागि सहजीकरण, घटना व्यवस्थापन प्रक्रियाका मुख्य चरणहरूमा निर्णय (विशेषत: बालबालिकाको स्थान्तरण सम्बन्धमा), घटनाको अभिलेखिकरण, बालबालिकाको व्यक्तिगत घटना फाइल खडा गर्न, घटना व्यवस्थापन प्रक्रियामा भएका कागजात तथा निर्णय प्रतिहरू प्रत्येक बालबालिकाको घटना फाइलमा अद्यावधिक गर्नुजस्ता कार्यहरू पर्दछन् । घटना व्यवस्थापन अन्तर्गत बालबालिका र परिवारको लेखाजोखा गर्ने, स्याहार योजना तयार पार्ने, सेवा प्रदान गर्ने, बालबालिका तथा परिवारलाई नियमित सहयोग प्रदान गर्ने, पारिवारिक भेटघाट र नियमित अनुगमनजस्ता बालबालिका र परिवारसँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरू पर्दछन् । | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, केन्द्रीय बालकल्याण समिति, २०७०, पेज नं.१ |

| | | | |
|---|---|---|---|
| | | उजुरी तथा उद्धार गरिएका व्यक्तिहरूको घटनाहरूको दर्ता, प्राथमिक सेवा-प्रदायकहरूलाई घटना सिफारिस, सरकारी सेवाको पहुँचको लागि सहजीकरण, घटना व्यवस्थापन प्रक्रियाका मुख्य चरणहरूमा निर्णय (विशेषत: व्यक्तिको स्थान्तरण सम्बन्धमा), घटनाको अभिलेखिकरण, व्यक्तिको व्यक्तिगत घटना फाइल खडा गर्न, घटना व्यवस्थापन प्रक्रियामा भएका कागजात तथा निर्णय प्रति प्रत्येक व्यक्तिको घटना फाइलमा अद्यावधिक गर्ने कार्य । | एटविन परामर्श बैठकहरूबाट |
| **च. स्वदेश फिर्तीसँग सम्बन्धित शब्दावलीहरू:** | | | |
| १. | **स्वदेश फिर्ती** | "स्वदेश फिर्ती गर्ने काम' भन्नाले अन्तर्राष्ट्रिय सीमा वारपार गरी बेचबिखन गरिएको व्यक्तिलाई उत्पत्तिका मुलुकमा फिर्ता गर्ने काम सम्झनु पर्छ । | वेश्यावृत्तिको लागि महिला तथा बालबालिका बेचबिखन बिरुद्धको सार्क महासन्धि, धारा १, (७) |
| | | Repatriation means "return to the country of origin of the person subjected to trafficking across international frontiers". | SAARC Convention on Preventing and combating Trafficking in women and children for prostitution, 2002 (art. 1 (7) |
| | | जुनबेला कुनै राज्य पक्षले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिलाई त्यस्तो व्यक्तिको नागरिकता रहेको वा आतिथ्यता प्रदान गर्ने राज्यमा प्रवेश गर्दाको बखत निजको स्थायी बसोबास भएको राज्य पक्षमा फिर्ता पठाउँछ, त्यसरी फिर्ता पठाउने कामले त्यस्तो व्यक्तिको सुरक्षा तथा मानव बेचबिखन तथा ओसारपसारबाट त्यस्तो व्यक्ति पीडित रहेको तथ्यसँग सम्बन्धित कुनै पनि कानूनी कारवाहीको हैसियत उपर उचित ध्यान दिनेछ र त्यस्तो काम स्वेच्छापूर्वक हुनु पर्नेछ । | बहुराष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खासगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख धारा ८, २, पेज ९ |
| | | When and if the trafficked person returns to her or his home country, provide the funds necessary for the return and, where necessary, issue, or provide assistance in the issuance of, new identity papers.<br><br>बेचबिखनमा परेका व्यक्ति स्वदेश फर्कनु पर्ने भएमा उनीहरूलाई घर फर्कनका लागि आवश्यक आर्थिक सहायता प्रदान गर्नुहोस् र आवश्यकताअनुसार नयाँ परिचयपत्र वा कागजातहरू जारी गर्नका लागि सहयोग गर्नुहोस् । | बेचबिखनमा परेका व्यक्तिको उपचारका लागि मानव अधिकार मापदण्ड (Human Rights Standards for theTreatment of Trafficked Person)25 no. GAATW Third edition 2001, Page no. 20 |
| | | मानव बेचबिखनबाट पीडित, प्रभावितका साथै उच्च जोखिममा परी बाटोमा रोकेकालाई सुरक्षित र मर्यादित रूपले उद्‌गम देशमा फर्काउने कार्य । | एटविन परामर्श बैठकहरूबाट |
| २. | **स्याहारको निरन्तरता** | प्रभावितहरूको संरक्षणसँग सरोकार राख्ने विषयहरू जस्तै भौतिक सुरक्षा र बिशेष तत्काल स्वास्थ्य हेरचाहको आवश्यकता र त्यसको निरन्तरता, बिशेष हेरचाह र स्वास्थ्य सम्बन्धी आवश्यकताहरूको सुनिश्चितता र निरन्तरताका लागि संस्थाहरूले (देश भित्र र बाहिर) तोकिएको ढाँचामा फाराम भरी संस्थालाई उपलब्ध गराउने प्रभावितहरूको विस्तृत विवरण हो जसमा स्वदेश फिर्ती पश्चात पनि प्रभावितले सोही सेवा निरन्तर पाउन सक्दछ । | एटविन परामर्श बैठकहरूबाट |

| | | | |
|---|---|---|---|
| ३. | **घर पहिचान** | स्वदेश या विदेशमा रहेका पीडित र प्रभावितको घर ठेगाना स्पष्ट हुने गरी खोजी गर्ने कार्य। | एटविन परामर्श बैठकहरूबाट |
| | **परिवार एकिन** | पीडित र प्रभावितले दिएको सूचनाको आधारमा निजको परिवार हो होइन भनी एकिन गर्ने कार्य। | एटविन परामर्श बैठकहरूबाट |
| ४. | **स्वदेश फिर्ती वा यात्रा अनुमति पत्र** | सुरक्षित स्वदेश फिर्तिलाई सहजीकरण गर्न सम्बन्धित सरोकारवाला निकाय एवं संघसंस्थाहरूलाई कन्सुलेट वा दुतावास वा विदेश सहित निकायले दिने अनुमति पत्र। | एटविन परामर्श बैठकहरूबाट |
| **छ. पुनर्एकीकरणसँग सम्बन्धित शब्दावलीहरू:** | | | |
| १. | **पुनर्एकीकरण** | पुनर्एकीकरण भन्नाले विभिन्न कारणले आफ्नो परिवारबाट अलग भई विभिन्न वैकल्पिक स्याहारमा रहेका बालबालिकालाई पहिलेको परिवार वा समुदायमा राख्ने व्यवस्था। | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, केन्द्रीय बालकल्याण समिति, २०७०, पेज नं.७५ |
| | | Provide reintegration assistance and support programmes for trafficked persons who want to return or have returned to their home country or community in order to minimise the problems they face in reintegrating into their communities. Reintegration assistance is essential to prevent or overcome difficulties suffered as a result of rejection by families or communities, inability to find viable employment, and harassment, reprisals or persecution from the traffickers and/or the authorities. Reintegration programmes should include education, training for employment opportunities and practical assistance and should not stigmatise or victimise trafficked persons. All programmes must guarantee the confidentiality and the privacy of the trafficked person.<br><br>बेचबिखनमा परेका व्यक्तिहरू, जो स्वदेश वा आफ्नो समुदायमा फर्कन चाहन्छन् वा फर्किएका छन्, उनीहरूलाई आफ्नो समुदायमा पुनर्एकीकरण गर्ने सिलसिलामा आइपर्ने समस्याहरूलाई न्यूनीकरण गर्नका लागि पुनर्एकीकरण सहायता तथा सहयोग कार्यक्रम उपलब्ध गराउनुहोस्। परिवार वा समुदायबाट हुने बहिस्कार, सम्भावित रोजगारीको अभाव र बेचबिखनकर्ता वा अधिकारीहरूबाट हुने दुर्व्यवहार, प्रतिशोध वा उत्पीडनका कारणबाट उत्पन्न हुने कठिनाइहरूमाथि विजय प्राप्त गर्नका लागि पुनर्एकीकरण सहायता आवश्यक हुन्छ। पुनर्एकीकरण कार्यक्रमहरूमा शिक्षा, रोजगारमुलक तालिम र व्यवहारिक सहायता संलग्न गरिनु पर्दछ र बेचबिखनमा परेका व्यक्तिहरूलाई लाञ्छित र पीडित बनाउनु हुदैन। सबै कार्यक्रमहरूले बेचबिखनमा परेका व्यक्तिहरूको गोपनीयतालाई सुनिश्चित गर्नु पर्दछ। | बेचबिखनमा परेका व्यक्तिको उपचारका लागि मानव अधिकार मापदण्ड (Human Rights Standards for the Treatment of Trafficked Person)26 no. GAAT, Page no. 20 |
| | | अर्को परिभाषा अनुसार, पुनर्एकीकरण भन्नाले विभिन्न कारणले आफ्नो परिवारबाट अलग भई विभिन्न वैकल्पिक स्याहारमा रहेका व्यक्तिलाई सम्बन्धितको परिवार वा समुदायमा राख्ने व्यवस्था। | एटविन परामर्श बैठकहरूबाट |

| | | | |
|---|---|---|---|
| २. | **पुनर्मिलन** | पीडित, प्रभावित, बाटोमा रोकिएका र जोखिममा रहेका व्यक्तिलाई उनीहरूको परिवारको खोजतलास गरी परिवारलाई जिम्मा लगाउने कार्यलाई पुनर्मिलन भनिन्छ । | एटविन परामर्श बैठकहरूबाट |
| | | अर्को परिभाषा अनुसार, पुनर्मिलन भन्नाले दीर्घकालीन स्याहारको लागि बालबालिकाको आफ्नो परिवार वा पूर्वआश्रित परिवारमा पठाउने व्यवस्था हो । | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, केन्द्रीय बालकल्याण समिति, २०७० पेज नं.७५ |
| ३. | **समुदाय/ पारिवारीक लेखाजोखा** | अभिभावकसँगको सम्बन्ध सुनिश्चित भए पश्चात्, प्राथमिक सेवा प्रदायकको सामाजिक कार्यकर्ताले परिवारले बालबालिकालाई ग्रहण गर्ने इच्छा, बालबालिकाको आधारभूत आवश्यकता पूरा गर्ने क्षमता र सम्भावित संरक्षणका सवालहरूको लेखाजोखा गर्ने कार्य ।<br>सामाजिक कार्यकर्ताले समुदायको अवस्थाको समेत लेखाजोखा गर्नुपर्दछ । बालबालिका परिवारमा फर्केपछि समुदायले स्वीकार तथा सहयोग गर्छ या गर्दैन र समुदायबाट थप जोखिममा पर्नसक्ने विषयमा छानविन गरिने कार्य । | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, केन्द्रीय बालकल्याण समिति, २०७० पेज नं.८३ |
| | | पीडित व्यक्तिको पारिवारिक सम्पर्क भए पश्चात् पारिवारिक सहमतिमा संस्थाका आधिकारिक व्यक्तिले निजको अवस्था र चाहनाको आधारमा आधारभूत आवश्यकता पूरा गर्ने, क्षमता अभिवृद्धि गर्ने र परिवार वा समाजमा पुनस्थापना गर्ने कार्यको लागि गरिएको विस्तृत विवरण । | एटविन परामर्श बैठकहरूबाट |
| ४. | **जोखिम लेखाजोखा** | बालबालिका आफै क्षतिको जोखिममा छ वा छैन जस्तै: आत्महत्या प्रवृत्ति, लागू पदार्थको प्रयोग, अरूबाट दुर्व्यवहार वा शोषण वा अरूलाई हिंसा वा रिसाहा बानी व्यहोरा, ओसारपसार/बेचबिखन, पारिवारिक बिछोड, परित्यक्तता, बेवास्ता, बालश्रममा लगाइनु आदि बालबालिकाको सुरक्षा र संरक्षणका सवालमा तुरून्तै कुनै कार्य गर्नु आवश्यक छ भनी पहिचान गर्नु नै जोखिम लेखाजोखाको लक्ष्य हो । | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, केन्द्रीय बालकल्याण समिति, २०७०, पेज नं.७ |
| | | पीडित र प्रभावित क्षतिको जोखिममा छ वा छैन जस्तै: आत्महत्या प्रवृत्ति, लागूपदार्थको प्रयोग, अरूबाट दुर्व्यवहार वा शोषण वा अरूलाई हिंसा वा रिसाहा बानी व्यहोरा, ओसार पसार/बेचबिखन, पारिवारिक बिछोड, आदि जस्ता सुरक्षा र संरक्षणका सवालमा तुरून्तै कुनै कार्य गर्नु आवश्यक छ भनी पहिचान गर्नु नै जोखिम लेखाजोखा हो । | एटविन परामर्श बैठकहरूबाट |
| **ज. कानूनी कारवाहीसँग सम्बन्धित शब्दावलीहरू:** | | | |
| १. | **अभियूक्त:** | अभियोग लागेको व्यक्ति, सरकारवादी फौजदारी मुद्दामा मुद्दा फैसला हुनुभन्दा पुर्वावस्थाको प्रतिवादी, फौजदारी मुद्दाका प्रतिवादी । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं.४८ |
| २. | **पीडक:** | पीडा पुऱ्याउने वा दिने व्यक्ति, अरूलाई सताउने या यातना दिने व्यक्ति । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ३९८ |

| | | | |
|---|---|---|---|
| | | पीडक भन्नाले मानव अधिकार उल्लंघन र हनन् वा त्यसको दुरूत्साहन गरेको व्यक्ति सम्झनुपर्दछ। सो शब्दले मानव अधिकार उल्लंघन वा त्यसको दुरूत्साहन गर्ने कार्यमा संलग्न रहेका अन्य व्यक्ति वा मतियार समेतलाई जनाउँदछ। | मानव अधिकार उल्लघंन सम्बन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) निर्देशिका, २०७३, परिच्छेद-१ दफा ३ झ पेज नं.२ |
| | | बाल यौन शोषण वा बेचबिखन गर्ने वा सो कार्यका लागि जिम्मेवार व्यक्ति। | न्यायमा पहुँच, Anti-Slavery International, पेज नं. ५ |
| ३. | **साक्षी** | गवाह, प्रमाणको एक रूप, कुनै तथ्यलाई प्रमाणित वा अप्रमाणित गर्न माध्यम बन्ने तत्व, पुष्टिकर प्रमाणको लागि प्रासंगिक विषयमा बयान वा बकपत्र दिने व्यक्ति, झगडा वा विवाद परेको विषयमा आफूले देखेको वा सुनेको कुरा वा विवरण स्पष्ट गर्ने व्यक्ति। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ७०७ |
| ४. | **जाहेरी** | सरकारीवादी फौजदारी मुद्दामा विवरणयुक्त उजुरी, जाहेर गर्ने काम, निकासा लिन लेखिपठाएको कागज। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ पेज नं. २४८ |
| | | सरकार पक्ष भएको मुद्दामा तोकिएको ढाँचामा प्रहरी समक्ष पीडित पक्षले दिने लिखित निवेदन वा उजुरी। | एटविन परामर्श बैठकहरूबाट |
| ५. | **बयान** | मौखिक उजूरी, अड्डा अदालतमा वादी-प्रतिवादी वा अभियुक्तले मुद्दा वा अपराध सम्बन्धी गरी दिने कागज, पेट बोलीबाट बुझिएको वा कारणी सरहको व्यक्तिले गरिदिने कागज। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ४६३ |
| | | पीडित, पिडक, साक्षी (बुझिएका मानिस) ले प्रहरी तथा सम्बन्धित निकायमा घटना विवरण सम्बन्धमा सत्य तथ्य विवरण खुलाउने कार्य। | एटविन परामर्श बैठकहरूबाट |
| ६. | **घटनास्थल** | घटना घटेको ठाँउ, वारदात स्थल। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. २१३ |
| ७. | **बकपत्र** | मुद्दामा साक्षीले बकेको कुरा लेखिएको कागज वा साक्षीलाई मुद्दाको सान्दर्भिक विषयमा बक्न लगाउने काम। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ४४५ |
| | | सरकार पक्ष भएको मुद्दामा पीडित वा साक्षीले प्रहरीमा दिएको घटना सम्बन्धी विवरणलाई अदालतमा उपस्थित भई सनाखत (प्रमाणिकरण) गर्ने काम। | एटविन परामर्श बैठकहरूबाट |
| ८. | **पेशी** | बेञ्च वा इजलासमा मुद्दा पेशी गर्ने काम, प्रस्तुतिकरण। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, ४११ |

| | | | |
|---|---|---|---|
| ९. | **फैसला** | निर्णय, विवादको टुङ्गो लगाउन वा दायरी लगत कट्टा गर्न दिइने आदेश, वादी प्रतिवादीको बीचमा उपस्थित विवादको टुङ्गो लगाउने काम, कुनै मुद्दा मामिलामा पुन: उजुर नलाग्ने अवस्था प्रष्ट देखाई झगडा परेको वस्तुको हक बेहक छुट्याई अथवा उजुरी साँचो-झूटो ठहराई गरेको निर्णय, सबुद र बहसको विचार गरेपछि दिइने न्यायधीशको रायको अभिव्यक्ति, पुर्पक्षको सन्दर्भमा दिइएको निर्णय, दायर गरिएको मुद्दाको सन्दर्भमा अदालतबाट घोषणा भएको निर्णय, मुद्दा वा कारवाहीमा हुने अदालतको प्रामाणिक र औपचारिक निर्णय, मुद्दाको क्रममा देखिएको गल्तिमाथि वा पक्षहरूद्वारा स्वीकार गरिएको पाइएको तथ्यमाथि गरिएको कानूनी निष्कर्ष, कुनै कारवाहीमा पक्षहरूको वा अधिकारको अन्तिम ठहर, अदालतका समक्ष प्रस्तुत विवादको प्रश्न र सो उपर कानून बमोजिम पुर्पक्ष गरी गरिएको निर्णय, कुनै अदालत वा न्यायिक निकायबाट भएको अन्तिम आदेश समेत (सर्वोच्च अदालत नियमावली २०७४ को नियम २ को खण्ड झ)। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं.४५१ |
| १०. | **क्षतिपुर्ति** | हर्जाना, मुआब्जा, अर्मल, कसैका केही हानि नोक्सानी भएमा सो को पूर्ति गर्ने काम, भर्ताल, सोधभर्ना। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. १७७ |
| ११. | **अभियोग पत्र** | सरकारवादी फौजदारी मुद्दामा अनुसन्धान उप्रान्त अभियुक्त विरूद्ध सजाय र दण्ड जरिवानाको माग गरी दायर भएको नालेश, सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ बमोजिम तयार गरेको अभियोगपत्र (बाल न्याय कार्यविधि नियमवली, २०६३)। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं.४८ |
| १२. | **माग दाबी** | केही कुराको आवश्यकता व्यक्त गर्ने काम, अधिकारको वस्तुमाथि अन्तिम दाबी, कानुनी अधिकारको दाबी, अदालतमा दावी गरिएको कानुनी दायित्व, विवरणको प्रस्तुतीकरण। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ५२५ |
| १३. | **मुलतबी** | स्थगित, फरार रहेका वा पक्राउ नपरेका अभियुक्तको हकमा पछि कारवाही गर्न रोकिराखिएको (मुलुकी ऐन, अदालती बन्दोबस्तको १९० नं. र चोरीको १० नं.), दुई वा दुई भन्दा बढी अड्डा अदालतमा मुद्दा परी ती मुद्दा मध्ये एकमा पनि वारेस राख्न वा एकमा मुद्दासित सम्बन्धित भै एक मुद्दा नछिनी अर्को मुद्दा छिन्न मात्र वारेस राख्न पाउने रहेछ वा एक मुद्दा अर्को मुद्दासित सम्बन्धित भई एक मुद्दा नछिनी अर्को मुद्दा छिन्न नहुने त्यसो गरेमा अर्को मुद्दामा असर पर्ने रहेछ भने मुख्य छिनिनु पर्नेलाई कारवाहीमा राखी अर्कोलाई कारवाही रोकी स्थगित गर्ने काम (मुलुकी ऐन, अदालती बन्दोबस्तको १२ नं.)। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ५४३ |
| १४. | **कार्यान्वन** | कार्य रूपमा ल्याउने काम, काममा ढालिएको अवस्था। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. १६० |

| | | | |
|---|---|---|---|
| १५. | **सहअभियुक्त** | अपराधको एउटै मामलामा पोलिएका व्यक्तिहरू, अपराध वा कसुरको साझेदार दोष भागी, एउटै अपराधको सम्बन्धमा कुनै पनि तरिकाले कसुरदारको हैसियतले सम्बन्ध रहेको व्यक्ति। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौं, पेज नं. ७०३ |
| १६. | **थुनुवा** | थुनामा रहेको व्यक्ति। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौं, पेज नं. २९८ |
| १७. | **थुनछेक** | पुर्पक्षको निमित्त थुनामा राख्ने काम। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौं, पेज नं. २९७ |
| १८. | **पुर्पक्ष** | बहस, छलफल, खुल्ला इजलासको सम्पूर्ण कारवाही। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौं पेज नं. ४०५ |
| | | अदालतमा सरकार पक्ष भई पेश गरेको मुद्दामा अदालती कारवाही अगाडि बढाउने क्रममा इजलासले बहस, छलफल, खुल्ला इजलासको सम्पूर्ण कारवाही प्रक्रिया पुरा गरी थुनछेक बहस पश्चात दोषीलाई थुनामा पठाउने कार्य। | एटविन परामर्श बैठकहरूबाट |
| १९. | **धरौटी** | धरौटी, धितो, जमानतको रूपमा राखिएको रकम वा वस्तु, असुल गर्नुपर्ने टुङ्गो लागिनसकेको राजस्व वा विनियोजन तर्फका अन्य कामको निमित्त (जस्तै ठेक्का पट्टा धरौटी) कारवाही नसकुञ्जेल राख्नुपर्ने तथा प्राप्त हुन आएको रकम - कोष तथा लेखा नियन्त्रक कार्यालयको निर्देशिका, २०३९। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौं, पेज नं. ३२० |
| | | अदालतमा सरकार पक्ष भई पेश गरेको मुद्दामा अदालती कारवाही अगाडि बढाउने क्रममा इजलासले बहस, छलफल, खुल्ला इजलासको सम्पूर्ण कारवाही प्रक्रिया पुरा गरी थुनछेक बहस पश्चात दोषीलाई धरौटीमा छाड्ने कार्य। | एटविन परामर्श बैठकहरूबाट |
| २०. | **आदेश** | आज्ञा, निर्देशन वा कुनै पनि मुद्दामा प्रमाण संकलन गर्नका लागि वा मुलतबी, तामेली राख्न मिलापत्रमा तोक लेख्न वा मिसिल सरूवा गर्न गरिने बोल, अदालतले जारी गरेको आदेश। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौं, पेज नं. ७३ |
| २१. | **पक्राउ पुर्जी** | गिरफ्तारी पुर्जी वा पत्र, पक्राउ गर्नुपर्ने कारण सहितको पत्र। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौं, पेज नं. ३७३ |

| | | | |
|---|---|---|---|
| २२. | **नियन्त्रण** | मनाही गर्ने, काम, कब्जा, दखल, रोक वा प्रतिबन्ध लगाउने काम, अधिनमा राख्ने काम, व्यवस्थित गर्ने काम। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ३४५ |
| २३ | **कसुर** | अपराध, त्रुटि, प्रचलित कानूनले निषेध गरेका काम कुरा गरेमा सजायभागी वा दण्डित हुने काम, प्रचलित कानुन बमोजिम गरेमा वा नगरेमा सजाय हुने कार्य, नेपाल कानून व्याख्या सम्बन्धी ऐन। २०१० ले 'कसूर' भन्नाले यस संहिता वा कानून बमोजिम सजाय हुने काम सम्झनु पर्छ (मुलुकी अपराध संहिता, २०७४)। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. १४७ |
| २४. | **संरक्षण** | लालनपालन, पालनपोषण, भरण पोषण, हेरचाह रेखदेख। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ६५८ |
| २५. | **अनुसन्धान** | खोज, तहकिकात, छानबिन, खोज पड्ताल, व्यवस्थित खोजी, रेखदेख, भ्रष्टाचार आदिको सम्बन्धमा गरिने जाँचबुझ। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. पेज नं. ३० |
| २६. | **उजुर** | नालेश नदिई निवेदनपत्रबाट मुद्दा मामिलाको शुरू कारवाही चलाउन गरेको माग - कोर्ट फि ऐन, २०१७। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. १०० |
| २७. | **प्रमाणको भार** | प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्ने छ। | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, परिच्छेद २ ,उपदफा ९ |
| | | विवादास्पद विषयको तथ्यमा आफ्नो दाबी वा जिकिरलाई सकारात्मक रुपमा साबित वा प्रमाणित गर्ने कर्तव्य सहितको भार। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ४२९ |
| २८. | **कारवाही** | कारवाही, कामको क्रम, कुनै काम वा तत्सम्बन्धी प्रक्रिया। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशन: काठमाडौ, पेज नं. १५५ |
| २९. | **म्याद** | 'म्याद' भन्नाले मुद्दाको रोहमा कुनै व्यक्तिको नाममा अदालतबाट जारी गरिने सूचना वा इतलायनालाई सम्झनु पर्छ। | मुलुकी देवानी कार्यविधि (संहिता) न, २०७४ परिच्छेद-१ दफा २ (ड) |

| | | | |
|---|---|---|---|
| ३०. | **तामेली** | मुद्दा चल्न नसक्ने अवस्था देखिएकोमा तत्सम्बन्धी व्यहोरा जनाई सो मुद्दा स्थगन गर्न राख्ने निर्णय, टुङ्गो, किनारा नै नामेली हो । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं. २८८ |
| ३१. | **तारिख** | अड्डा अदालतबाट झगडियालाई एक पटक हाजिर भैसकेपछि फेरि नियत दिनमा हाजिर हुनु भनी तोकिएको मिति । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं. २८८ |
| ३२. | **उन्मूक्ति** | छुट्कारा, स्वाधिनता, स्वतन्त्रता, उन्मुक्त हुनुको अवस्था, कुनैपनि प्रकारको बन्धन अभियोग आदिबाट प्राप्त हुने छुट वा मुक्ति । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं. १०८ |
| ३३. | **जरिवाना** | दण्ड स्वरूप तिर्नुपर्ने रकम, अपराधी, कसुदार वा हार्ने पक्षलाई लाग्ने आर्थिक दण्ड । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं. २४२ |
| ३४. | **सनाखत** | शनाखत, पहिचान, चिनाउने काम, भिडाउने काम, पोलिएको व्यक्तिलाई वा अनिश्चित अथवा बेवारिसी लाशलाई चिन्न लगाउने काम, विवादास्पद लिखतलाई सद्दे किर्ते छुट्याउन नामाकरण गर्ने काम । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ३७७ |
| ३५. | **मिसिल** | "मिसिल" भन्नाले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र तथा सोसँग सम्बन्धित सबुत प्रमाण र अन्य कागजात सङ्कलन गरी अदालतमा राखिएको मुद्दासँग सम्बन्धित फाइल सम्झनु पर्छ ।<br><br>कुनै मुद्दामा कार्यवाही भएका सम्पूर्ण कागजपत्रको ठेली, मुद्दा मामिलामा कागजपत्रहरूको मुट्ठा। | मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ परिच्छेद-१दफा २ (ट)<br><br>श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं. ५३५ |
| ३६. | **तहसील** | उठ्तीपुठ्ती वा असुलउपर गर्ने काम, बाँकी बक्यौता उठाउने काम । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं. २८७ |
| ३७. | **बक्यौता** | बरबुझारथ गर्न बाँकी रहेको, कुनै काम कारवाही तामेली भै सक्नुपर्नेमा बाँकी रहेको अवस्थाको, असुल उपर गर्न बाँकी रहेको । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन:काठमाडौ, पेज नं.४५४ |
| ३८. | **दर्ता** | चढाउने काम, बही वा रजिष्टर आदिमा जनाउने काम, कार्यालय भित्र आएका कागज पत्रको शुरूको अभिलेख राख्ने काम । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौ, पेज नं.३०१ |

| | | | |
|---|---|---|---|
| ३९. | **अभियोजन** | कसैका उपर फौजदारी मुद्दामा अभियोग लगाई मुद्दा चलाउने काम। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशनः काठमाडौं, पेज नं.४८ |
| ४०. | **रजिष्टर** | पञ्चीका, दर्ता वा हाजिर कपी, क्रम बद्ध तरीकाले कुनै रकमको आय व्यय वा कुनै किसिमको विवरण लेखिने बही। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशनः काठमाडौं, पेज नं.५५८ |
| ४१. | **बन्द इजलास** | बन्द इजलासमा कारवाही हुने : (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारवाही तथा सुनुवाइ बन्द इजलासमा गरिनेछ। ठ (२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारवाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन्। | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ परिच्छेद-५, दफा २७, पेज नं. ६ |
| | | मुद्दाका सम्बद्ध पक्ष तथा आवश्यक पदाधिकारी आदि मात्र राखी न्याय सम्पादन वा कारवाही सम्बन्धी काम सम्पन्न गरिने इजलास, गोप्य इजलास नै बन्द इजलास हो। | श्रेष्ठ, शंकर कुमार,२०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशनः काठमाडौं, पेज नं.४६१ |
| ४२. | **साक्षी संरक्षण** | दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ :- (क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने, (ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने, (ग) केन्द्रमा राख्ने। | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ परिच्छेद-५, दफा २६ पेज नं. ६ |
| ४३. | **दोभाषे** | दुई भिन्न भाषाभाषीको कुरालाई अनुवाद गरी अर्थ्याई दिने व्यक्ति, दुई भाषा जान्ने। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशनः काठमाडौं, पेज नं.३१५ |
| ४४. | **कागजात** | कागजपत्र, प्रमाणका कागज, स्रेस्ता, मिसिल, अभिलेख, सरकारी वा सार्वजनिक कार्यालय वा निजी संस्थाबाट जारी भएको कागजपत्र र सो शब्दले लिखत समेत-नोटरी पब्लिक ऐ, २०६३ को दफा २ को खण्ड ज)। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशनः काठमाडौं, पेज नं.१४८ |
| ४५. | **छापा मार्नु** | जाँच पड्तालको क्रममा बिना जानकारी पक्रनु, अनुसन्धानार्थ कब्जामा लिनु। | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश। पैरवी प्रकाशनः काठमाडौं, पेज नं.२३० |

| | | | |
|---|---|---|---|
| ४६. | **अनुगमन** | कुनै आदेश, निर्देश वा सिद्धान्तको कार्य प्रणाली अथवा कार्यसम्पादन विधिको सम्बन्धमा परिणाममूलक जानकारी लिन गरिने अनुकरण, कार्यात्मक स्थितिको निरीक्षण । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन: काठमाडौं, पेज नं.२६ |
| ४७. | **निवेदन पत्र** | फिराद, दरखास्त, मर्काको व्यहोरा उल्लेख गरी पेश गरेको पत्र, आवेदन पत्र । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन:काठमाडौं, पेज नं.३५७ |
| ४८. | **अनुसन्धान गर्ने** | खोज, तहकिकात, छानबिन, खोज पड्ताल, व्यवस्थित खोजी, रेखदेख, भ्रष्टाचार आदिको सम्बन्धमा गरिने जाँचबुझ गर्ने काम । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन:काठमाडौं, पेज नं.३० |
| ४९. | **जाँचबुझ** | कुनै काम कुरा वा व्यक्ति आदिका बारेमा विशेष तथ्य पत्ता लगाउन गरिने खोजी वा तत्सम्बन्धमा जाँची बुझ्ने काम । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन:काठमाडौं, पेज नं.२४४ |
| ५०. | **दुरूत्साहन** | कसैलाई कुनै पनि खराब काम कुरा गर्नमा प्रौत्साहन दिने काम, नैतिक पतन हुने कार्यमा लाग्न गरिने उक्सावट । | श्रेष्ठ, शंकर कुमार, २०७५, नेपाल कानूनी शब्दकोश । पैरवी प्रकाशन:काठमाडौं, पेज नं. ३१० |
| **झ. बसाइसराइसँग सम्बन्धित शब्दावलीहरू:** | | | |
| १. | **बसाइसराई** | ६ महिना भन्दा बढी अवधिको लागि नेपाल भित्र एक गाउँपालिका वा नगरपालिका क्षेत्रमा वा विदेशमा बसाई सरी आउने कार्य । | जन्म मृत्यु वा अन्य घटना दर्ता गर्ने ऐन, २०३३ को दफा २, खण्ड ख |
| २. | **स्थानागमन** | Migration is a voluntary movement of a person from one country to another and from one area to another area.<br>स्थानगमन एक देशबाट अर्को देश, एक क्षेत्रबाट अर्को क्षेत्रमा एक व्यक्तिको स्वेच्छिक गतिशीलता/आप्रवासन/बसाईसराई हो । | TRAFFICKING IN PERSONS IN NEPAL NATIONAL REPORT,2018 1.3 Page no. 4 (NHRC)<br>नेपालमा मानव बेचबिखनको अवस्था राष्ट्रिय प्रतिवेदन, २०७६, १.३ पेज नं. ४ (एन.एच.आर.सी.) |
| | | मानिसहरू उत्कृष्ट र उपयुक्त अवसरको खोजिमा एक स्थानबाट अर्को स्थानमा अस्थायी रूपमा आवत जावत गर्नु स्थानागमन हो । स्थानागमन जिल्ला भित्रै, देश भित्रै वा देश बाहिर अन्य मुलुकमा पनि हुने गर्दछ । यस अन्तर्गत पढ्न, सीप सिक्न, नयाँ कुराहरूबारे थाहा पाउन, रोजगारीका लागि, सुरक्षाको खोजिमा मानिसहरू एक स्थानबाट अर्को स्थानमा जाने प्रकृयालाई बुझाउँदछ । | एटविन, शक्ति समूह, पौरखी, माइति नेपाल, अन्तर्राष्ट्रिय आप्रवासी संगठन तथा ब्इ संस्थाबाट प्रकाशित सामाग्रीहरू |

| | | | |
|---|---|---|---|
| ३. | **सुरक्षित स्थानागमन** | पर्याप्त पूर्व तयारी, गन्तव्य र यात्राको बारेमा पर्याप्त जानकारी, कानुनी प्रकृयाको पालना सहित गन्तव्यमा बसोबास, उचित रोजगारी र अवसर हुनु तथा उद्देश्य स्पष्ट भई उजुरी र सहायता केन्द्रको उपलब्धता सुरक्षित हुने र स्वतन्त्र फिर्तीको अवसर हुने अवस्था सहित गरिने स्थानागमनलाई सुरक्षित स्थानागमन भनिन्छ । | एटविन, शक्ति समूह, पौरखी, माइति नेपाल, IOM तथा AWO संस्थाबाट प्रकाशित सामाग्रीहरू |
| ४. | **आप्रवास कामदार** | कामको निम्ति आफ्नो देश छाडेर विदेश जाने व्यक्ति । | एटविन परामर्श बैठकहरूबाट |
| **ञ. बालबालिकाको बेचबिखनसँग सम्बन्धित शब्दावलीहरू:** | | | |
| १. | **बालबालिकाहरूको बेचबिखन**<br>**Trafficking of children** | बालबालिकाहरूको बेचबिखनको परिभाषा : बाल अधिकार महासन्धिको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिलता प्रदर्शन सम्बन्धी आलेख, २००० ले पारिश्रमिक वा अन्य कुनै प्रतिफलको लागि एक व्यक्तिबाट अर्को व्यक्तिलाई गर्ने बालबालिकाहरूको हस्तान्तरणको कार्य वा ओसारपसारलाई बालबालिकाहरूको बेचबिखनका रूपमा परिभाषित गरेको छ । | |
| | | Article 3 (c) of the Protocol defines trafficking in children as "the recruitment, transportation, transfer, harbouring or receipt of a child for the purpose of exploitation and shall be considered "trafficking in persons" even if it does not involve any of the means set forth in subparagraph (a) of this article" (see definition of trafficking in persons of the Protocol).<br><br>आलेखको धारा ३ (ग) को परिभाषाअनुसार बालबालिकाको बेचबिखन भन्नाले शोषणको उद्देश्यले कुनै बालबालिकाको भर्ती, परिवहन, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने (harbouring or receipt) कार्यलाई बुझाउँदछ । | Protocol to Prevent, Suppress and Punish Trafficking in Persons (art. 3 (c)) |
| | | The Convention 182 of the ILO recognises child trafficking as one of the worst forms of child labour. The worst forms of child labour are "all forms of slavery or practices similar to slavery, such as the sale and trafficking of children, debt bondage and serfdom and forced or compulsory labour, including forced or compulsory recruitment of children for use in armed conflict".<br><br>आई.एल.ओ. अभिसन्धि नं. १८२ ले बालबालिकाको बेचबिखनलाई निकृष्ट प्रकारका बालश्रम मध्ये एक रहेको उल्लेख गरेको छ । सबै प्रकारका दासता वा दासता सरहका अभ्यासहरू जस्तै, बालबालिकाको बिक्री तथा ओसारपसार, सशस्त्र द्वन्द्वमा बालबालिकाको बजरजस्ती वा अनिवार्य भर्ती लगायत ऋण बन्धन/बधुँवा श्रम, जबरजस्ती वा अनिवार्य श्रम निकृष्ट प्रकारका बालश्रम हुन् । | ILO Convention 182 (art. 3 (a)<br><br>आई.एल.ओ. अभिसन्धि नं. १८२ (धारा ३ (क) |
| | | पक्ष राष्ट्रहरूले कुनै पनि उद्देश्यका लागि वा कुनै पनि रूपमा बालबालिकाहरूको अपहरण, बेचबिखन वा ओसारपसारमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन् । | बाल अधिकार सम्बन्धी महासन्धि (नेपालले १४ सेप्टेम्बर १९९० तद अनुसार २९ भाद्र २०४७ मा अनुमोदन गरेको) धारा ३५ |

| | | | |
|---|---|---|---|
| | | बालबालिकाहरूलाई बाध्यकारी श्रम, वा यौन शोषण वा अन्य कुनै प्रयोजनका लागि ललाई फकाई, डर, त्रास, धम्की दिई, लोभ-लालच देखाई, झुक्याई र शक्तिको प्रयोग गरी एक स्थानबाट अर्को स्थानमा (देशभित्र वा बाहिर) लगिन्छ भने त्यसलाई ओसारपसार वा बेचबिखन भनिन्छ । | घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, केन्द्रीय बालकल्याण समिति, २०७०, पेज नं.१०१ |
| २. | **बालबालिका विरूद्धको हिंसा** | बाल अधिकार सम्बन्धी महासन्धिले 'बालबालिका विरूद्धको हिंसालाई परिभाषित नगरेतापनि यसरी उल्लेख गरेको छ: 'पक्ष राष्ट्रहरूले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यबहारबाट संरक्षण गर्ने प्रतिज्ञा गर्छन्। यस प्रयोजनका लागि, पक्ष राष्ट्रहरूले खासगरी निम्न कुराहरूमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन्:<br>(क) कुनै पनि गैरकानूनी यौनजन्य कृयाकलापमा लाग्न बालबालिकालाई उक्साउने वा करकापमा पार्ने,<br>(ख) वेश्यावृत्ति र अन्य गैरकानूनी यौन व्यवहारहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग,<br>(ग) अश्लील चित्रणको कार्यमा र सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग । | बाल अधिकार सम्बन्धी महासन्धि (नेपालले १४ सेप्टेम्बर १९९० तद अनुसार २९ भाद्र २०४७ मा अनुमोदन गरेको) धारा ३४ |
| | | 'बालबालिका विरूद्धको हिंसा' भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) बमोजिमको कार्यलाई सम्झनु पर्छ ।<br>विस्तृत विवरण अनुसूची ५ मा | बाल गृह सञ्चालन कार्यविधि, २०७५ परिच्छेद - १, (ज) पेज नं.१ |
| | | "बालबालिका विरुद्धको हिंशा" भन्नाले प्रचलित कानूनले निषेध गरे अनुरुप बालबालिकालाई गम्भीर आघात पर्ने गरी उनीहरू माथि भएको सबै प्रकारको शारीरिक, मानसिक, यौनजन्य वा भावनात्मक दूर्व्यवहारलाई बुझाउनेछ । | आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, १.४, (द) पेज नं. ५ |
| ३. | **बाल-यौन दुर्व्यवहार** | ''बाल-यौन दुर्व्यवहार'' भन्नाले बालबालिकाको स्वीकृति लिई वा नलिई कुनै प्रलोभन, लोभ, लालच, डर, त्रास, धाक- धम्की देखाई कुनै आर्थिक फाइदाका लागि वा अन्य अनुचित उद्देश्यले बालबालिकालाई शारीरिक वा मानसिक रूपमा क्षति पुग्ने वा व्यक्तित्व वा चरित्रमा आघात पुग्ने गरी प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रूपमा गरिने यौनजन्य क्रियाकलापलाई सम्झनुपर्छ । | आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, १.४,(ज) पेज नं.५ |
| | | 'बाल यौन दुर्व्यवहार' भन्नाले बालबालिका ऐन २०७५ को दफा ६६ को उपदफा (३) बमोजिमको कार्य सम्झनु पर्छ ।<br>बालबालिका ऐन २०७५ को दफा ६६ को उपदफा (३) को बिस्तृत विवरण अनुसूची ६ मा दिइएको छ । | बाल गृह सञ्चालन कार्यविधि, २०७५ परिच्छेद - १, (झ) पेज नं. १ |

| | | | |
|---|---|---|---|
| **४.** | **यौन दुराचार** | बालयौन दुरूपयोग गर्न नहुने: (१) कसैले बाल यौन दुरुपयोग गर्न वा गराउन हुँदैन। (२) कसैले करणीका आशयले बालबालिकालाई अस्वाभाविक रूपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बालयौन दुरूपयोग गरेको मानिनेछ । | मुलुकी अपराध (संहिता) ऐन, २०७४ परिच्छेद - १८ धारा २२५ |
| | | बाल यौन दुराचारी (Paedophilia) आफ्नो यौन साथीका रूपमा वयस्कहरूले बालबालिकालाई दुरूपयोग गर्ने प्रवृत्तिका मानिसहरूलाई बालयौन दुराचारी भनिन्छ । बालबालिकालाई ललाई फकाई र प्रलोभनमा पारी गरिने यस प्रकारको यौन क्रियाकलापमा समाजमा प्रतिष्ठित जस्ता देखिने महिला तथा पुरूषहरू संलग्न रहने गरेको पाइन्छ। यस आपराधिक कार्यबाट विशेषगरी जोखिम परिस्थितिका बालबालिकाहरू प्रभावित हुने गरेका छन्। बालयौन दुराचारीहरूले सडक बालबालिकालाई सुविधा दिने नाममा खोलेका कतिपय गृहहरू बालयौन दुराचारका अखडा बनिरहेको देखिएको छ । | व्यवसायिक बाल यौन शोषण विरूद्धको सचेतना पुस्तिका, (एटविन), पेज नं. ८ |
| **५.** | **विद्युतीय अपराध** | सूचना, संचार प्रविधि र इन्टरनेटको प्रयोगका माध्यमबाट जस्तै : सामाजिक संजाल, अनलाईन गेम, फेसबुक, इमो, भाइबर, मोबाईल फोन ईत्यादीको प्रयोग गरी कुनै पनि व्यक्तिको नैतिकतामा आच आउने, नैतिक पतन गर्ने, सामाजिक बेइज्जत गर्ने, हिंसा गर्ने र यौन आशय झल्किने गरी गरिने क्रियाकलापलाई नै विद्युतीय वा संचार माध्यमबाट हुने अपराध भनिन्छ। | एटविन परामर्श बैठकहरूबाट |
| **६.** | **अनलाइन दुर्व्यवहार** | बालबालिका ऐन २०७५ को दफा ६६ को उपदफा (३) (च)मा उल्लेख भए अनुसार विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने। | बालबालिका ऐन २०७५ को दफा ६६ को उपदफा (३) च |
| | | कुनै पनि व्यक्तिलाई अनलाइन तथा विद्युतीय माध्यमद्वारा जस्तै : सामाजिक संजाल, अनलाईन गेम, च्याट रूम, मोवाईल फोन, इन्टरनेट फेसबुक आदिको प्रयोग गरी कुनै व्यक्तिले गर्ने दुर्व्यवहार तथा यौन हैरानी लगायतका कार्यलाई अनलाइन दुर्व्यवहार भनिन्छ । | एटविन परामर्श बैठकहरूबाट |

## यस पुस्तिका तयार गर्नका लागि प्रयोग भएका सन्दर्भ सामाग्रीहरू:


**राष्ट्रिय ऐन, नियमावली, निर्देशिका, प्रतिवेदन:**

- मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- वैदेशिक रोजगार ऐन, २०६४
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, नियमावली, २०६५
- श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५
- पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि न्यूनतम राष्ट्रिय मापदण्ड, २०६८
- आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
- घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०७०
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, पहिलो संशोधन, २०७२
- नेपालको संविधान, २०७२
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि तालिम पुस्तिका। महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, २०७२
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- श्रम ऐन, २०७४
- बालबालिका सम्बन्धी ऐन,२०७५
- बाल गृह सञ्चालन कार्यविधि, २०७५
- श्रेष्ठ, शंकर कुमार। नेपाल कानुनी शब्दकोश। पैरवी प्रकाशन:काठमाडौ, २०७५,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७६
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) पहिलो संशोधन नियमावली, २०७७
- मानव बेचबिखन विरूद्धको अभियानमा संलग्न सरोकारवालाहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका। महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

- मनोसामाजिक तथा मानसिक स्वास्थ्य सहयोग ६ महिने मनोसामाजिक मनोविमर्श तालिमका लागि अध्ययन सामाग्री (खण्ड ग)। टीपिओ नेपाल, २०१७
- व्यवसायिक बालयौन शोषण विरूद्धको सचेतना पुस्तिका। एटविन, २०१८
- TRAFFICKING IN PERSONS IN NEPAL NATIONAL REPORT, 2018

## अन्तर्राष्ट्रिय कानून तथा महासन्धि

- बाल अधिकार महासन्धिको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लीलता प्रदर्शन सम्बन्धी आलेख, २०००
- वेश्यावृत्तिका लागि महिला र बालबालिका बेचबिखन विरूद्धको सार्क महासन्धि, २००२
- संयुक्त राष्ट्र संघ मानव अधिकार उच्च आयुक्तको कार्यालय, संयुक्त राष्ट्र बाल कोष र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (OHCHR, UNICEF & IOM).
- महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मूलन सम्बन्धी महासन्धी (CEDAW)
- दासत्व, दास व्यापार र दासत्व समान संस्था तथा अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि।
- बहुराष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खासगरि महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजायँ गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख
- The Slavery Convention, 1926
- Forced Labour Convention, 1930
- The Immoral Traffic (Prevention) Act, India, 1956
- Forced Labour protocol, 2014.
- The International Convention on Migrant Workers and its Committee
- Human Rights Standards for the Treatment of Trafficked Person, GAATW.
- Protocol against the Smuggling of Migrants by Land, Sea and Air, supplementing the United Nations Convention against Transnational Organized Crime.
- Protocol to Prevent, Suppress and Punish Trafficking in Persons.

# अनुसूचीहरू :

## अनुसूची १ :

मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीलाई हेर्दा के कुरा बुझ्न आवश्यक छ भने, बेचबिखन व्यक्तिको मानव अधिकार विरूद्धमा हुने जघन्य फौजदारी अपराध हो भने मानव तस्करी राष्ट्रको सिमाना र अध्यागमनका विरूद्धमा हुने अपराध हो । तस्करीले मानव बेचबिखनको जोखिम बढाउन सक्दछ, तर मानव तस्करी नै बेचबिखन हो भन्ने गलत सोचाई तथा अवधारणाबाट भने हामीहरू सबै मुक्त हुनु पर्दछ । संयुक्त राष्ट्रसंघको पार्लेमो प्रोटोकलले गरेको परिभाषालाई केलाएर हेर्ने हो भने मानव तस्करीमा आर्थिक वा अन्य भौतिक लाभको लागि सहमतिमा नै कुनै अर्को व्यक्तिको सहयोगमा अवैध सीमा प्रवेश गरी अर्को राष्ट्रको सीमा पार गर्ने गराउने जस्ता ३ वटा तत्वहरू समावेश हुनु पर्दछ भनी स्पष्ट रूपमा व्यवस्था गरेको छ जसको कारण मानव तस्करीलाई बेचबिखन भन्दा फरक रूपमा परिभाषित गरेको देखिन्छ । यस प्रोटोकल अनुसार गैरकानूनी रूपमा अन्य राष्ट्रमा प्रवेश गर्ने व्यक्ति त्यस्तो देशको नागरिक वा स्थायी बसोबास गर्ने व्यक्ति भने हुनु हुँदैन भनिएको छ, अन्यथा उक्त कार्यलाई मानव तस्करी भन्न मिल्दैन । मानव तस्करीमा जहिले पनि कुनै पनि व्यक्तिले सीमाको कानूनलाई उल्लंघन गरी एक देशबाट अर्को देशमा प्रवेश गरेको हुन्छ ।

| मानव ओसारपसार तथा बेचबिखन | मानव तस्करी |
|---|---|
| • बल प्रयोग, धोका वा करकाप (वास्तविक संवेदनात्मक वा गुप्त तत्वहरूको उपस्थिति हुनुपर्छ) तर १८ वर्षभन्दा मुनिका नाबालकहरूलाई यौन व्यवसायमा लगाइएको छ भने बल प्रयोग धोका वा करकाप जस्ता तत्वहरूको प्रयोग नभए पनि त्यो मानव ओसार पसार तथा बेचबिखन हुन्छ।<br>• मानव बेचबिखन तथा ओसारपसारमा परेका मानिसहरू पीडित हुन् ।<br>• उनीहरूलाई दास बनाइएका हुन्छन्, सीमित हिँडडुल गर्न दिइएको हुन्छ, एकान्तमा राखिएको हुन्छ ।<br>• बलजफत श्रम वा यौन शोषण भएको हुन्छ ।<br>• पीडितको सहमति हुँदैन ।<br>• देश बाहिर जान जरूरी छैन, देश भित्रै आन्तरिक रूपमा पनि हुन सक्दछ ।<br>• व्यक्ति श्रम/सेवा वा यौन व्यवसायमा संलग्न गराई शोषित भएको हुन्छ ।<br>• मानवीय अङ्ग व्यापार समेत भएको हुन सक्दछ ।<br>• उनीहरूको आयमा अरूको नियन्त्रण हुन्छ । | • तस्करीमा परेको मानिस आफैले सहयोग गरिरहेको हुन्छ ।<br>• यसमा व्यक्ति स्वयंलाई आफू गैरकानुनी कार्य गरिरहेको जानकारी हुने भएकोले सधैँ जोखिममा रहन्छ ।<br>• त्यहाँ वास्तविक वा गुप्त बल प्रयोग हुँदैन् । आर्थिक लाभ लिनका लागि मात्र तस्करले विभिन्न हत्कन्डा गरेको हुन सक्दछ ।<br>• तस्करीमा परेका मानिसहरू पीडित नभएर कानून उल्लङ्घनकर्ताहरू हुन् ।<br>• उनीहरू आफूले नचाहेमा समूह छाडी हिँड्न सक्दछन् वा परिवर्तन गर्न स्वतन्त्र हुन्छन् ।<br>• एक देशबाट अर्को देशमा मानिसहरूका अवैध प्रवेशलाई सघाउँछ र व्यक्तिको इच्छामा सम्पूर्ण कार्य हुन्छ ।<br>• तस्करी जहिले पनि देशको सीमा नाघेर नै हुन्छ ।<br>• व्यक्ति अनधिकृत रूपमा अन्य देश भित्र प्रवेश गरेको हुनुपर्छ वा प्रवेश गर्ने प्रयास गरेको हुनुपर्दछ । |

## अनुसूची २ :

राष्ट्रिय समितिको गठन: (१) ऐनको दफा २३ बमोजिमको राष्ट्रिय समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन्:– (क) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अध्यक्ष (ख) सह-सचिव, श्रम मन्त्रालय सदस्य (ग) सह-सचिव, गृह मन्त्रालय-सदस्य (घ) सह-सचिव, परराष्ट्र मन्त्रालय-सदस्य (ङ) सह-न्यायाधिवक्ता, महा-न्यायाधिवक्ताको कार्यालय-सदस्य

(च) प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी सदस्य (छ) मानव बेचबिखन तथा ओसापसार विरूद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरू मध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनित गरेका तीन जना महिला सदस्यहरू (ज) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनित गरेका दुइजना महिला सदस्यहरू (झ) सह-सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सदस्य-सचिव (२) उपनियम (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ। (३) उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (झ) बमोजिमको सदस्यमा सम्बन्धित निकायले उपलब्ध भएसम्म महिलालाई मनोनयन गर्नु पर्नेछ।

## अनुसूची ३ :

जिल्ला समितिको गठन: (१) ऐनको दफा २३ बमोजिमको जिल्ला समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन्:– (क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष (ख) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय - सदस्य (ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख (घ) मानव बेचबिखन तथा ओसारपसार विरूद्धको क्षेत्रमा जिल्लामा कार्यरत व्यक्ति वा संस्थाहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा प्रमुख जिल्ला अधिकारीद्वारा मनोनित तीन जना महिला सदस्यहरु (ङ) प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति सदस्य (च) महिला विकास अधिकृत सदस्य-सचिव (२) जिल्ला समितिमा जिल्ला विकास समितिको सभापति आमन्त्रित सदस्यको रूपमा रहनेछ।

## अनुसूची ४ :

**(२) परिसर (क्षेत्र) : केन्द्रको हाताभित्र देहाय बमोजिमको वातावरण भएको हुनुपर्नेछ :**

(क) केन्द्र भवनको बनावट अनुसार सुरक्षित र शान्त वातावरण सहितको खुल्ला परिसर भएको हुनुपर्नेछ।

(ख) केन्द्रको परिसर केन्द्रको उद्देश्य र गतिविधि संचालन गर्न उपयुक्त स्थानमा हुनुपर्नेछ।

(ग) केन्द्र सकेसम्म भूकम्पबाट कम प्रभावित, बाढी, पहिरो र अन्य खतराबाट मुक्त क्षेत्रमा हुनुपर्नेछ।

(घ) केन्द्र अपराध, दंगा, औद्योगिक दुर्घटना, आणविक, जलवायु र ध्वनिको प्रदुषणबाट मुक्त क्षेत्रमा अवस्थित हुनुपर्नेछ।

(ङ) केन्द्रको चारैतिर सुरक्षाको लागि पर्खाल वा तारबारले घेरिएको हुनुपर्नेछ।

**(३) स्थान/ठाँउ : केन्द्रको स्थान/ठाँउ व्यवस्थापन गर्दा कम्तिमा देहायको सुबिधा भएको हुनुपर्नेछ :**

(क) केन्द्रमा आकस्मिक साधनहरू (वारूणयन्त्र तथा एम्बुलेन्स) आवागमन गर्न सक्ने गरी बाटोको सुविधा भएको हुनुपर्नेछ।

(ख) केन्द्र विद्यालय, अस्पताल, प्रहरी कार्यालय जस्ता सुविधामा पायक पर्ने स्थानमा हुनुपर्नेछ।

(ग) केन्द्र कुनै पनि प्रकारको दुर्घटनाको जोखिमको खतराबाट मुक्त क्षेत्रमा हुनु पर्नेछ।

**(४) भौतिक सुविधाहरू : केन्द्रको भवन र भौतिक सुविधाहरू देहाय बमोजिम हुनुपर्नेछ :**

(क) केन्द्रसँग, संरक्षित व्यक्तिलाई राख्ने भवन न्यूनतम आधारभूत सुविधा सहितको प्रशस्त प्राकृतिक र विजुलीको प्रकाश, खानेपानी जस्ता भौतिक संरचना सहितको हुनुपर्नेछ।

(ख) केन्द्रको भवन पीडितहरूको विशेष आवश्यकता पूरा गर्ने र कमजोर शारीरिक र मानसिक अवस्थाको व्यक्तिहरूका लागि उपयुक्त हुने प्रकारको आकर्षक र पीडित मैत्री हुनुपर्नेछ।

(ग) केन्द्रको भौतिक सुविधाहरू सामान्य जीवन बिताउन सहज हुने प्रकारको हुनुपर्नेछ।

(घ) केन्द्रको भवन स्थानीय नगर/गाउँ विकास समितिबाट स्वीकृत गरिएको नक्सा, सुविधा र शर्तहरूका आधारमा निर्माण गरिएको हुनुपर्नेछ।

(ङ) केन्द्रको भौतिक, सामाजिक तथा साँस्कृतिक वातावरण पीडितहरूका लागि उत्प्रेरित गर्ने खालको हुनुपर्नेछ ।

(च) महिला, बालबालिका, अपाङ्गता एवं अशक्तहरूको विशेष प्रकारको आवश्यकतालाई संवोधन गर्ने खालका उपयुक्त साधन, सुविधायुक्त फर्निचर र उपकरणहरू भएको हुनुपर्नेछ ।

(छ) पीडित महिला, पुरूष र बालबालिकाहरूका लागि छुट्टाछुट्टै भवन हुनुपर्ने छ । तर केन्द्रमा पुरूष, महिला तथा बालबालिकाहरूका लागि तत्काल छुट्टाछुट्टै भवनको व्यवस्था गर्न नसक्ने अवस्था भएमा केही समयका लागि अर्को व्यवस्था गर्ने गरी महिला तथा बालबालिकाहरूलाई एउटै भवनको अलग्गै कोठाहरूमा राख्न सकिनेछ ।

(ज) संरक्षितहरू मध्ये पनि विरामीहरू वस्नको लागि छुट्टै कोठा तथा ओछ्यान सहितको विशेष व्यवस्था गर्नुपर्नेछ ।

झ) बालबालिकाहरूका लागि खेलौना सहितको अलग्गै खेल्ने कोठाको व्यवस्था हुनुपर्नेछ ।

(ञ) झ्याल राखिएका हावा आउने कोठाहरू हुनुपर्नेछ ।

(ट) कोठामा प्रतिव्यक्ति एकजना बस्ने भए क्षेत्रफल (Room Space) ६४ वर्गफिट र दुई वा सो भन्दा बढी बस्ने भए १४४ वर्गफिट हुनुपर्नेछ । तर यसरी संरक्षित व्यक्तिलाई राख्दा एउटा कोठा जतिसुकै ठूलो भएतापनि ५ जना भन्दा बढिलाई राख्न पाइदैन ।

(ठ) प्रत्येक संरक्षित व्यक्तिका लागि छुट्टाछुट्टै खाटको व्यवस्था हुनुपर्नेछ ।

(ड) भुईंमा उपयुक्त कार्पेट, झ्यालमा पर्दा र लेखपढ गर्न आवश्यक फर्निचरको व्यवस्था हुनुपर्नेछ ।

(ढ) मनोसामाजिक परामर्श (Psycho-social Counseling), मनोरञ्जन, अन्तर्क्रिया र आमोदप्रमोदका लागि साझाकक्ष (Common Room), आगन्तुक भेटघाट कक्ष (Visitor Room), भान्छा कोठा तथा खाने कक्षको व्यवस्था छुट्टाछुट्टै हुनुपर्नेछ ।

(ण) शौचालय तथा स्नान कक्ष आवश्यकता अनुसारको व्यवस्था हुनुपर्नेछ । बालबालिकाहरूको हकमा बालक र बालिकाहरूका लागि अलगअलग बालमैत्री शौचालयको व्यवस्था गर्नुपर्नेछ ।

(त) सुविधा उपलव्ध भएका स्थानमा आवश्यकता अनुसार सञ्चार सुविधाको पहुँच तथा कम्तिमा सामूहिक टेलिभिजनको व्यवस्था हुनुपर्नेछ ।

(थ) ठाउँ हेरी पंखा, हिटरको व्यवस्था हुनुपर्नेछ ।

(द) आवश्यकता अनुसार पानीको व्यवस्था हुनुपर्नेछ ।

(ध) नुवाई-धुवाई, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर संकलन टोकरी, लुगा सुकाउने डोरी, आदिको व्यवस्था हुनुपर्नेछ ।

**(५) भोजन :**

(क) केन्द्रले प्रत्येक संरक्षित मानिसहरूको लागि प्रतिव्यक्ति दैनिक कम्तिमा दुई हजार चार सय क्यालरी हुनेगरी दैनिक दुई पटक भर पेट (खानाको रूपमा) र कम्तिमा एक पटक खाजाको रूपमा पोषणयुक्त स्वस्थ्यकर भोजनको व्यवस्था गर्नुपर्नेछ । खानाका प्रकारमा पाइने क्यालरीको स्तर (लेभल) टेबुल अनुसूचि ८ अनुसार हुनुपर्नेछ ।

(ख) बालबालिका एवम् गर्भवती र सुत्केरीहरूका लागि थप पोषणयूक्त भोजनको व्यवस्था गर्नुपर्नेछ ।

(ग) भोजनका परिकारका बारेमा संरक्षित व्यक्तिहरू र केन्द्र व्यवस्थापन बीच छलफल गरी तय गर्नुपर्नेछ ।

(घ) भोजन तयार गर्ने कर्मचारीहरू (कुक) उचित पोषण प्रशिक्षण सहितको हुनुपर्नेछ ।

(ङ) केन्द्रले शुद्ध र सफा पिउने पानीको व्यवस्था गनुपर्नेछ ।

(च) केन्द्रभित्र खाद्य वस्तुहरूको भण्डारण सुरक्षित ढंगले गरिनु पर्नेछ ।

(६) **लत्ताकपडा : केन्द्रमा संरक्षित व्यक्ति भर्ना भएपछि जाडो र गर्मीका लागि आवश्यकता अनुसार लत्ता कपडा उपलब्ध गराउनु पर्नेछ । यसका अतिरिक्त संरक्षित व्यक्तिलाई देहाय बमोजिमका थप सुबिधा उपलब्ध गराउनु पर्नेछ :**

(क) बालबालिकाका हकमा किताब बोक्ने झोलासहित दुई जोर विद्यालय पोशाक उपलब्ध गराउनु पर्नेछ।

(ख) सुत्केरी तथा महिनावारी भएकाहरूलाई सुत्केरी हुँदा लगाउने बिशेष खालका कपडा तथा महिनावारी हुँदा चाहिने भित्री कपडा र नवजात शिशुको लागि आवश्यकता अनुसार छुट्टै सेवा उपलव्ध गराउनु पर्नेछ।

(ग) लत्ता कपडाहरूको छनौट सकेसम्म संरक्षित व्यक्तिको सल्लाहमा उपलब्ध गराइनुपर्नेछ।

(घ) केन्द्रले संरक्षित व्यक्तिहरूका लागि कुनै पनि विशेष प्रकारको लुगा (यूनीफर्म) तोक्नु हुदैन।

(ङ) केन्द्रद्धारा संरक्षित व्यक्तिको केशको (कपाल) बारेमा कुनै विशेष नियम लागू गरिनु हुदैन।

## अनुसूची ५:

**कसैले बालबालिका उपर देहाय बमोजिमको कार्य गरेमा बालबालिका विरूद्धको हिंसा'गरेको मानिने छ ।**

(क) धुम्रपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्यदृश्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारीरिक चोटपटक वा असर पुऱ्याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनीतिक प्रयोजनका लागि सगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हधकडी लगाउने।

(झ) क्रूर, अमानवीय व्यवहार गर्ने वा यातना दिने,

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकिर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

(ट) जबर्जस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ड) जादु वा सर्कसमा लगाउने,

(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालिम दिने वा त्यस्तो कार्यमा लगाउने,

(ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने।

(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परिक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक बालगृहमा राख्ने ।

## अनुसूची ६ :

**कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बाल यौन दुर्व्यवहार गरेको मानिनेछ :-**

(क) अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लीलता तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अङ्गमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अंकमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अङ्ग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने गराउने,

(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(ज) बाल यौन शोषण गर्ने वा गराउने,

(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने गराउने,

(ञ) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने ।

## अनुसूची ७ः पुस्तिका निर्माणमा योगदान

**एटविन बिज्ञ समुह**

अन्जना शाक्य, हिमराइट्स

चरिमाया तामाङ, शक्ति समूह

भरत अधिकारी, सिविन–नेपाल

उमा तामाङ, माइती नेपाल

बेनु माया गुरुङ, एटविन

## एटविन परामर्श बैठकका सहभागीहरु

| | |
|---|---|
| १. | तारा भण्डारी, बिश्वास नेपाल |
| २. | नातीसरा राई, एटविन |
| ३. | चरिमाया तामाङ्ग, शक्ति समूह |
| ४. | अनुराधा आचार्य, श्रोत व्यक्ति |
| ५. | सृजना के.सी, हाम्रो सम्मान |
| ६. | बेनु माया गुरुङ्ग, एटविन |
| ७. | सीस्तर आइसा, नव ज्योति केन्द्र |
| ८. | सबिना दर्शनभण्डारी, कुमुदिनी |
| ९. | अनिल अधिकारी, टेका समूह |
| १०. | सूशीला श्रेष्ठ, जागरन नेपाल |
| ११. | निरज प्याकूरेल, सुनिता फाउण्डेशन |
| १२. | बिमला रायमाझी, सुनिता फाउण्डेशन |
| १३. | रुपा दंगाल, मकवानपुर महिला समूह |
| १४. | सुश्मा कठायत, बालबालिका खोजतलास केन्द्र १०४ |
| १५. | प्रतिमा कार्की, नेपाल पुलिस |
| १६. | रुजा पोखरेल, स्वतन्त्रतता अभियान नेपाल |
| १७. | सृष्टि कोलाक्ष्यपति, ओरेक नेपाल |
| १८. | प्रकास खनाल, आवाज |

| | |
|---|---|
| १९. | मनिशा क्षेत्री, वाच |
| २०. | सागर सेन्चुरी, सिविन–नेपाल |
| २१. | तिर्थ क्षेत्री, आफन्त नेपाल |
| २२. | भरत अधिकारी, सिविन–नेपाल |
| २३. | जेनिसा महर्जन, एटविन |
| २४. | अर्जिता पौडेल, एटविन |
| २५. | सतिश शर्मा, जनअधिकार संरक्षण मञ्च नेपाल |
| २६. | इन्दिरा अधिकारी, आशा नेपाल |
| २७. | सुनिता बुढाथोकी, चेतना अभिबृद्धि केन्द्र नेपाल |
| २८. | सम्झा श्रेष्ठ, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) |
| २९. | माधव भट्टराई, सामाजिक सेवा केन्द्र (सोसेक) |
| ३०. | गरिमा श्रेष्ठ, चेन्ज नेपाल |
| ३१. | उमा तामाङ्ग, माइती नेपाल |
| ३२. | शान्ता खनाल, WDSETC |
| ३३. | सरिता गिरी, छोरी |
| ३४. | तोयानाथ तिवारी, चाइल्द नेपाल |